जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ३, २०७४ साल वैशाख १५ गते शुक्रबार, नेपाल संवत् ११३७ (April 28, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## चीनबाट आयो मतपेटिका

काठमाडौं । चीनको रसुवा नाकाबाट बुधबार २६ हजार मतपेटिका ल्याइएको छ । ती मतपेटिका चीनको केरुङबाट रसुवागढी नाका हुँदै ल्याइएको हो । चरणबद्ध रुपमा २३ थान कन्टेनरमा सबै मतपेटिका चीनको केरुङ हुँदै रसुवागढी नाकाबाट नेपाल भित्रिएर नुवाकोट हुँदै काठमाडौं लगिएको छ । वैशाख १५ गतेभित्र मतपेटिकाको छेकबार पनि आयोगलाई बुझाउने सप्लायर्स कम्पनीले जनाएको छ ।

वैशाख ३१ गतेका लागि तोकिएको स्थानीय तहको निर्वाचनका लागि चीनबाट खरिद गरिएको मतपेटिका लिनका लागि दुई साता अगाडि नै कन्टेनर चीनको केरुङ पुगेका थिए ।

## दाँतेको साधारण सभा

काठमाडौं । इटली गई अध्ययन गरी फर्केका नेपालीहरुको संस्था दाँते सोसाइटीको साधारण सभा गत शनिवार वैशाख ८ गते सम्पन्न भयो । सोसाइटीका अध्यक्ष सुरेन्द्र ढकाल, उपाध्यक्ष हरिवोल थापा, कोषाध्यक्ष शैलिनी ढकाल, कार्यकारी सदस्यहरु शारदा मोक्तान, संजीव पाण्डे तथा सल्लाहकार रमेश कोइराला लगायत सोसाइटीका सदस्यहरुको उपस्थितीमा सम्पन्न भएको कार्यक्रममा सोसाइटीको कार्यप्रगति, बाँकी ८ पेजमा

# भारतीय दूतावासको शरणमा मधेसी नेताहरू

काठमाडौं । प्रदेश नं. २ र ५ का ११ जिल्लामा मापदण्डका आधारमा जनसंख्याको थ्रेसहोल्डको सीमा घटाएर स्थानीय तहको संख्या बढाउने सहमति गरेर जिल्ला समन्वय समितिलाई सरकारले पत्र पठाएपछि चुनावमा भाग लिन तयार देखिएको नवगठित राष्ट्रिय जनता पार्टी फेरि भड्किएको छ । ६ वटा मधेस केन्द्रित दलहरु मिलेर बनेको राष्ट्रिय जनता पार्टीले सरकार सहमतिबाट पछि हटेको भन्दै आन्दोलनको चेतावनी दिएको छ । संवैधानिक र कानुनी हिसाबले तथा निर्वाचन कार्यक्रम सार्वजनिक भइसकेपछि संख्या थप्न नमिल्ने भन्दै प्रमुख विपक्षी दल एमालेले संसद अवरोध गरेपछि सरकारले स्थानीय तहको संख्या थप्ने निर्णय फिर्ता लिँदै एमालेसँग सहमति गरी संसद अवरोध हटाएको छ । राष्ट्रिय जनता पार्टीले भने सरकारको यो निर्णयप्रति आपत्ति जनाउँदै परिणाम गम्भीर हुने बताएको छ । मधेसमा स्थानीय तह संख्या बढाउने मधेसी मोर्चासँग सहमति गरेर पनि फेरि सरकार पछि हटेको मधेसी नेताहरुले भन्न थालेका छन् । मधेसी नेताहरुले अब निर्वाचन होइन, आन्दोलनको बाटो समात्ने भएपछि स्थानीय निर्वाचन फेरि धरापमा परेको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री पुष्पकमल दाहालसँग टेलिफोन संवाद गर्दै स्थानीय तहको निर्वाचनमा सघाउन प्रतिबद्धता गरेलगत्तै मधेसी नेताहरु भारतीय दूतावास छिरेका थिए । मधेसी नेताहरु महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्रराय यादव, अनिलकुमार झा, राजकिशोर यादव र शरतसिंह भण्डारी लैनचौर पुगेर भारतीय राजदूत मञ्जिव सिंह पुरीसँग झन्डै दुई घन्टा स्थानीय निर्वाचनबारे मन्त्रणा गरेका थिए । राजदूत पुरीले सरकार निर्वाचनमा अघि बढिसकेकाले अब निर्वाचनमा भाग लिनु नै उचित हुने राय दिएको समाचार सार्वजनिक भएको छ । यथार्थमा मधेसी नेताहरु संशोधन विधेयक पारित गराउन भारतीय दूतावासको सहयोगका लागि याचना गर्दै लैनचौर गएका थिए ।

प्रमुख विपक्षी दल एमाले संशोधन विधेयकको विपक्षमा छ । एमाले नेतृत्वको विपक्षी गठबन्धनसँग झन्डै दुई सय सांसद छन् । संशोधन विधेयक पारित गराउन ३९६ सांसद संख्या आवश्यक पर्छ । मधेसी नेताहरुले एमालेका मधेसी सांसदहरुलाई खरिद गरी प्रस्तावको पक्षमा मतदान गराउन भारतीय राजदूत पुरीसँग अनुरोध गरेको सम्बद्ध स्रोतले बताएको छ । विधेयक पारित गराउन भारतीय दूतावासले आफ्नो सक्रियता बढाएसँगै एमाले सशंकित बनेको छ । सांसदहरु खरिद गर्न दूतावासमा दुई ट्रक भारुका बण्डल थुपारिएको एमाले नेता एवं पूर्व प्रम माधवकुमार नेपालले पहिल्यै बताइसकेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवाले प्रस्ताव पारित हुन्छ भन्नुको कारण पनि यही हो । सांसद खरिद गरेको उनीसँग पुरानो अनुभव पनि छ । महाकाली सन्धि यसरी नै सांसद किनेरै पारित गरिएको थियो । त्यसबेला देउवा नै प्रधानमन्त्री थिए ।



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री दाहालसँग झन्डै १५ मिनेट टेलिफोन संवाद गरेको बालुवाटार स्रोतले बताएको छ । यति लामो टेलिफोन संवादमा मोदीले दाहालसँग के के कुरा भने त्यसलाई बालुवाटारले गोप्य राखेको छ । नेपालको संविधानप्रति असन्तुष्टि जाहेर गर्दै नेपालमाथि ५ महिना लामो नाकाबन्दी थोपर्ने मोदीले स्थानीय निर्वाचनमा सहयोग गर्नका लागि नेपालको शुभचिन्तक बनेर पक्कै फोन संवाद गरेनन् । उनले सबैलाई समेटेर निर्वाचन भन्दै मधेसी नेताहरुको माग सम्बोधन गरेर मात्र निर्वाचन गराउन प्रधानमन्त्री दाहाललाई सचेत गराएको बुझ्न सकिन्छ । मोदी सरकारले अहिलेसम्म नेपालको संविधानलाई समर्थन गरेको छैन । न त उसले स्थानीय निर्वाचनमै नेपाललाई कुनै सहयोग गरेको छ । मतपेटिका समेत चीनले पठाइरहेको छ । चुनावका लागि केही अंश खर्च पनि चीनले दिएको छ । नेपालको आन्तरिक राजनीतिमा चिनियाँ चासो र भूमिका बढ्न थालेपछि मोदी सरकार निकै आत्तिएको अवस्थामा छ । अझ नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाको संयुक्त सैन्य अभ्यासले नयाँदिल्ली झनै सशंकित बनेको छ । माओवादी द्वन्द्वका बेला नेपाली सेनालाई आवश्यक पर्ने हतियार, गोली र बन्दोबस्तीका सामान रोकेर भारतले हैरान पारेको थियो । भारतको मात्र भरपर्दा नेपाली सेना झन् कमजोर हुने विश्लेषण सैनिक नेतृत्वले गर्नु स्वाभाविक थियो । विकल्पमा चिनियाँ जनमुक्ति सेनासँग सम्बन्ध सुदृढ गर्नु नेपाली सेनाको बाध्यता बनेको छ । नेपाल भारतबीचको सैनिक सन्धि खारेज गरेर नेपाली सेनालाई भारतीय हस्तक्षेपबाट मुक्त गराउनुपर्ने सैन्य मामिलाका एक विज्ञ बताउँछन् । चीनकै सहयोगमा नेपालमा स्थानीय निर्वाचन हुन गइरहेकाले त्यसलाई जसरी भए पनि भाँड्न भारतीय खुफिया एजेन्सी 'रअ' को चलखेल तीव्र बनिरहेको छ । मधेसी दलहरुलाई एकीकृत गराएर तराईमा वितण्डा मच्चाउने योजनामा छ रअ । उसले ६ वटा मधेसी घटकहरुलाई आपसमा 'हेन्डसेक' गराइसकेको छ । निर्वाचन बिथोल्न संघर्षका कार्यक्रमहरु मधेसी मोर्चाले रअकै निर्देशनमा सार्वजनिक गरेका थिए । उनीहरुका मागलाई संशोधनमार्फत सम्बोधन गर्न सरकार तयार भएसँगै मोर्चाले संघर्षका चरणबद्ध कार्यक्रमहरु फिर्ता लिएको थियो । तर सरकारले स्थानीय तह थप्ने विवादित प्रस्ताव फिर्ता लिएसँगै मधेसी दलहरु फेरि आन्दोलनमा उत्रने तरखरमा छन् ।

राष्ट्रिय जनता पार्टी मधेसी जनतासँग होइन भारतीय दूतावाससँग सामिप्यता गर्छ । मधेसी जनता निर्वाचन चाहिरहेका छन्, आन्दोलन होइन । राष्ट्रिय जनता पार्टीका मधेसी नेताहरु मधेसी जनताबाटै बहिष्कृत र तिरस्कृत चेहराहरु छन् । मधेसी जनताले घृणा गरेका चुनावमा हराइदिएका मधेसी नेताहरुले मधेस र मधेसीको वकालत गर्नु कति पनि सुहाउँदैन । भारतीय थिचोमिचोका विरुद्ध लड्ने तिलाठीका बाँकी ८ पेजमा

## वैद्य-खनाल वार्ता

काठमाडौं । गत संविधानसभा निर्वाचनमा भाग नलिएको मोहन वैद्य नेतृत्वको माओवादी क्रान्तिकारी वैशाख ३१ मा हुने स्थानीय तहको निर्वाचनमा भाग लिँदैछ । बहिष्कारको राजनीति छोडेर चुनावमा आएको यो समूहले एक्लै विजय प्राप्त गर्न असम्भव बन्दै गएपछि अन्य दलहरुसँग सहकार्यका लागि क्रियाशीलता बढाएको छ । यसै सन्दर्भमा नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनाल र नेकपा क्रान्तिकारी माओवादीबीच सहकार्यको सम्भावनाबारे छलफल भएको छ ।


खनालको निवास डल्लुमा हालै दुई पार्टीबीच छलफल भएको हो । देशको वर्तमान परिस्थिति, राजनीतिक घटनाक्रम, संविधान संसोधन र आगामी दिनमा दुई वामपन्थी दलहरुबीच सहकार्यको सम्भावना बारेमा छलफल भएको खनालका स्वकीय सचिव कृष्ण भट्टराईले जानकारी दिए ।

## चार जना सचिव सरुवामा

काठमाडौं । सरकारले चार जना सचिवको सरुवा गरेको छ । मन्त्रिपरिषद बैठकले प्रधानमन्त्री कार्यालयका सचिव थपलियालाई स्थानीय विकास मन्त्रालयमा सरुवा गरेको छ भने यस्तै स्थानीय विकासका सचिव केदारबहादुर अधिकारीलाई प्रधानमन्त्री कार्यालयमा पठाइएको छ । सरकारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव सञ्जय शर्मालाई विज्ञान तथा प्रविधि मन्त्रालयमा सरुवा गरेको छ भने राष्ट्रिय प्राधिकरणमा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सर्वजीतप्रसाद महतोलाई लगिएको छ ।

## माले–देपसा मोर्चा एकता नजिक

काठमाडौं । राष्ट्रवादी शक्तिहरु एकजुट नभई मुलुकको राष्ट्रियताको रक्षा गर्न नसकिने, सत्तामा सधैंभरि विदेशी शक्तिको निर्देशनमा चल्ने दलहरुले हालीमुहाली जमाउने, जनताका जनजीविकाका समस्या र देश विकासका समस्याभन्दा नेताहरुले व्यक्तिगत अभिष्ठ पूरा गर्न सत्ताको दुरुपयोग गर्ने प्रवृत्ति बढिरहेकाले छरिएर रहेका देशभक्त शक्तिहरु एकै ठाउँमा गोलबद्ध हुने अभियान सुरु भएको छ । राष्ट्रियताको लागि सडक र संसदबाट प्रखर ढंगले आवाज उठाइरहेको नेकपा (माले) र देशभक्ति, पर्यावरण र विकासको राजनीतिलाई अघि बढाइरहेको देपसा मोर्चाबीच एकता गर्ने सहमति नजिक पुगेको छ ।



माले महासचिव क.सीपी मैनाली र देपसा मोर्चाका अध्यक्ष सुरेन्द्र ढकालबीच पटक पटक भएका छलफलको निष्कर्ष स्वरुप एकता अभियान अघि बढेको हो । संघारमै आइसकेको स्थानीय निर्वाचनलाई दृष्टिगत गर्दै एकता प्रक्रिया छिट्टै टुंग्याउने सहमति दुई नेताबीच भएको छ । दुवै नेताबीच भएको गम्भीर छलफललाई अन्तिम रुप दिन नेकपा (माले) र देपसा मोर्चाको सचिवालय तहमा निर्णय गराउने सहमति भएको छ ।

नेकपा मालेले छरिएर रहेका राष्ट्रवादी शक्तिहरुबीच ध्रुवीकरण गराउन गम्भीरतापूर्वक बढाइरहेको अभियानमा देपसा मोर्चा सहमत भएको हो । बाँकी ८ पेजमा

## संशोधन फेल गर्ने एमाले रणनीति

काठमाडौं । संसद अवरोध गरिरहेको एमालेको मागअनुसार सरकारले तराईमा स्थानीय तहको संख्या थप गर्ने परिपत्र फिर्ता लिएपछि संसद अवरोधमा उत्रिएको एमाले 'ब्याक' भएको छ । संसद अवरोध हटेसँगै संविधान संशोधन विधेयक प्रक्रियामा गएको छ । अब एमालेले संशोधन विधेयकमाथिको छलफल प्रक्रियामा अवरोध नगर्ने नीति लिएको छ । विधेयकको भण्डाफोर हुने गरी पार्टीको धारणा राख्ने तर मतदानसम्मको प्रक्रियामा कुनै अवरोध नगर्ने पक्षमा छ एमाले ।

एमाले संशोधन विधेयक पारित गर्न नदिने रणनीतिमा छ । संविधान संशोधन विधेयक पास गर्न दुईतिहाई मत आवश्यक पर्छ । एमालेले आफूसहितको ९ दलीय गठबन्धनलाई थप कसिलो बनाएर सत्तापक्षमा दुईतिहाई पुग्न नदिने नीति लिएको छ । विधेयक पास गर्न संसदमा कायम रहेको ५ सय ९३ सांसद संख्याको दुईतिहाई आवश्यक पर्छ ।

सैद्धान्तिक छलफल र ७२ घण्टे संशोधनको समयमा एमालेले अवरोध नगर्ने भएको छ । तर एमाले संशोधन विधेयक पारित गर्न दिने पक्षमा छैन । एमाले नेतृत्वको विपक्षी गठबन्धनसँग १ सय ९९ मत छ । गठबन्धनमा नेकपा माले, राष्ट्रिय जनमोर्चा, नेमकिपा, परिवार दल, नेपाः पार्टी, प्रदेश बाँकी ८ पेजमा

## तालाबन्दीले रोकिएला चर्को शुल्क

काठमाडौं । विद्यार्थी भर्नाको समयमा हरेक वर्ष शैक्षिक क्षेत्रमा तनाव उत्पन्न हुने गरेको छ । सरकारी विद्यालयहरुमा दिइने गुणस्तरहीन शिक्षाका कारण बोर्डिङ स्कुलमा विद्यार्थीको आकर्षण बढिरहेको छ । यही आकर्षणलाई बोर्डिङहरुले कमाउ धन्दामा बदलिरहेका छन् । विभिन्न शीर्षकमा महँगो शुल्क असुलेर भर्नाको समयमा करोडौं कुम्ल्याउने निजी विद्यालयहरुतर्फ अहिले विभिन्न विद्यार्थी संगठनहरुको ध्यानाकर्षण हुन थालेको छ । राजधानीका विभिन्न निजी विद्यालयहरुमा चर्को शुल्क घटाउनुपर्ने माग राख्दै विद्यार्थी संगठनहरुले ताला लगाएका छन् ।

सरकारलाई विद्यार्थी संगठनहरुले शुल्क नियन्त्रणको लागि पटक पटक आग्रह गर्दा पनि कुनै सुनुवाई नभएकाले बाध्य भएर ताला लगाउनु परेको अनेरास्ववियुका महासचिव ऐन महर बताउँछन् ।

रातो बंगला, नाइटिंगेल, रेडियन्ट, एक्सलसियर, दिव्यज्ञान, डल्लु आवासीय विद्यालय, रोज बर्ड, काठमाडौं भ्याली त्रियोग, डेफोडिल, तक्षशिला, माउन्ट ग्लोरी गीताञ्जली, कञ्चनजंघा प्यारागनलगायत दर्जनौं विद्यालयका विद्यालयमा प्रशासन र लेखा शाखामा तालाबन्दी गरिएको छ । यस्ता विद्यालयहरुले अभिभावक तथा सरकारी निकायसँग कुनै परामर्श नगरी मनोपोली ढंगले शुल्क बढाउने गरेका छन् ।

## भारतीयद्वारा नेपाली युवतीमाथि बलात्कार

काठमाडौं । भारतको हरियाणा प्रान्तको जिन्द जिल्लामा हालै एक नेपाली युवतीलाई भारतीयहरुले अपहरण गरी सामूहिक बलात्कार गरेका छन् ।

प्रहरीले पीडितको मेडिकल टेस्ट गराउँदा बलात्कार भएको पुष्टि भएको आजतकले उल्लेख गरेको छ । हरियाणा प्रहरीले अभियुक्तहरुलाई पक्राउ गरेर कारबाही अघि बढाएको छ । युवती पतिका साथ हरियाणाको जिन्द जिल्ला बसोबास गर्थिन् ।

नेपालस्थित घर फर्कने क्रममा मोटरसाइकलमा लिफ्ट दिई युवतीलाई खेतको बीचमा पुऱ्याएर तीनै जनाले बलात्कार गरेका थिए । यसअघि पनि नयाँ दिल्लीमा दुई नेपाली युवतीमाथि सामूहिक बलात्कारको घटना सार्वजनिक भएको थियो ।

## समय-सन्दर्भ | इथोपियाबाट किन नसिक्ने ?

**राजेन्द्र शर्मा**

केही वर्ष अघिसम्म नेपाल इथोपिया बन्ने हो कि भन्ने चिन्ता गरिन्थ्यो । सुख्खा र भोकमरीले सधैं आक्रान्त इथोपियाले लोकतान्त्रिक अभ्यास थालेको सन् १९९१ देखि हो । नेपालमा पनि प्रजातन्त्र पुनर्स्थापना भएको यही सालबाट हो । इथोपियाले प्रजातान्त्रिक शासन व्यवस्था सुरु गरेपछि राजनीतिक स्थिरता मात्र कायम गरेन, आर्थिक र पूर्वाधार विकासमा छलाङ मारेको छ । नेपालमा भने अझै राजनीतिक स्थिरता छैन । संविधान बने पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । राजनीतिक दलहरुले कहिल्यै विकासमुखी राजनीति नगरेका कारण नेपाल संसारकै गरिब राष्ट्रको चौथो नम्बरमा सूचीकृत छ । यदि नेपाल इथोपिया जस्तै भइदिएको भए हुन्थ्यो भन्नुपर्दैछ अहिले ।

पहिले राजनीतिक स्थिरता अनि विकास भन्ने गर्छन्, नेपालका राजनीतिक दलहरु । राजनीति र विकासलाई सँगसँगै अघि बढाएको भए देशको अवस्था यस्तो दयनीय हुने थिएन । दलहरुले विकासमुखी राजनीति नगरेकै कारण झन्डै ६० लाख युवाशक्ति रोजगारीको खोजीमा विदेश पलायन हुनु परेको छ । दैनिक १५ सयदेखि दुई हजारको हाराहारीमा नेपाली युवा शक्ति कामको खोजीमा खाडीलगायतका मुलुकमा जान बाध्य छन् । हरेक दिन अन्तर ाष्ट्रिय विमानस्थलमा ३ देखि ५ वटा युवाहरुको लास आउने गर्छ । देशभित्र रोजगारीको अवस्था नहुँदा युवाशक्ति यसरी पलायन भइरहेको छ । गाउँहरु ऋहिले वृद्धाश्रम जस्तै देखिन थालेका छन् । यसरी नै युवा शक्ति विदेसिइरहने हो भने सिंगो नेपाल 'बूढापाका' को देश बन्ने समय धेरै टाढा छैन ।

नेपालसँगै लोकतान्त्रिक अभ्यास थालेको इथोपिया अहिले सबैभन्दा बढी आर्थिक वृद्धिदर भएको मुलुकमध्ये पर्छ । एक दशकदेखि इथोपियाको आर्थिक वृद्धिदर १० प्रतिशत हाराहारीमा छ, जबकि नेपालको मुश्किलले ५ प्रतिशत मात्र छ । केन्द्रीय तथ्यांक विभागले चालु आर्थिक वर्ष २०७३।७४ को कुल गार्हस्थ्य उत्पादन (जिडीपी) ६.९४ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ । यदि विभागको अनुमान सही निस्किए देशको आर्थिक वृद्धिदर करिब दुई बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

# १२ बुँदेका लेण्डुपहरूले अब छिट्टै राष्ट्र खाँदै छन्



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

**नेपालमा स्थानीय चुनावको विरोध गरौं भन्नेहरूलाई प्रहरीले समात्दै थुन्दै गर्नुले नेपालमा कुन किसिमको प्रजातन्त्रको संस्कार बस्दै छ त्यो नबुझिँदो भएको छ**

कस्तो विडम्वना, जन्मजात दिल्ली सम्झौताको विरोध गरी त्यसैको धरातलमा उभिएर आफूलाई अब्बल राष्ट्रवादीमा दर्ज गरी नेपाली राजनीतिमा उदाई सत्ताभोग गर्नेहरु नै राष्ट्रघाती दोस्रो दिल्ली सम्झौताका हस्ताक्षरकारी हुन पुगे। भारतीय गुप्चतर संस्था रअको अगुवाई एस डि मुनीले हिन्दी भाषा खेस्रा गरेको सम्झौता नै यी लेण्डुपहरुको बाइबल बन्न पुग्यो जसनुसार नेपाल गणतन्त्र बन्न पुग्यो।

पहिलो दिल्ली सम्झौताले क्रमश: निरंकुश राणा शासन खतम गरेको थियो भने दोस्रो दिल्ली सम्झौताले निरंकुश बन्न चाहने राजतन्त्र । कस्तो राम्रो दिल्ली सम्झौता ! यसले नेपालमा गणतन्त्र ल्यायो । नेपाली लेण्डुपका राजनीतिक दलहरु नेपालमा स्थापित बनेसँगै अब देशलाई वैधानिक रुपबाटै सिक्किम हुने घोषणा मात्रै बाँकी राखेका छन् यी लेण्डुपका दलहरुले । के ल्यायो दोस्रो दिल्ली सम्झौताले ?

१) दोस्रो दिल्ली सम्झौताले नेपालमा बस्ने एक करोड मगन्ते भारतीयहरुको लागि सबैभन्दा पहिले नेपाली नागरिकता ल्यायो ।

२) अब यी मगन्तेहरुले जनसंख्याको आधारमा संसदमा सिट पाउने भएका छन् जस्ले गर्दा भोलिको संसदमा यिनीहरुकै बहुमत हुने स्पष्ट छ।

३) यी मगन्तेहरुलाई नै खुसी बनाउन राज्यको पुनर्संरचना हुँदै छ जसनुरुप ती राज्यहरुमा उनीहरुकै दुई तिहाई मत बन्ने छ र त्यहाँको प्रान्तीय संसदले निर्णय गरी सर्वप्रथम नेपाली तराई भारतको भूभाग बन्ने छ।

४) पहाडियाहरुलाई तराईबाट नामेट गर्ने रअको योजना अनुरुप भर्खरै यी मगन्तेहरुको दलबीच आम एकता बन्न गएको छ।

५) पहाडिया दलभित्र रहेका नेपाली राष्ट्रवादी मधिसेहरुलाई खरिद गरी दुई तिहाइ मत पुऱ्याई संविधान संसोधन गर्न भारतीय राजदुतावासभित्र दुई ट्रक भारु सयका नोटहरु भित्रिसकेका छन् । अनि त्यसैको आडमा संविधान संसोधन हुने कुरामा ढुक्क छ भारतीय गुप्तचर संस्था।

६) अहिले नेपालको संसदमा प्रतिनिधित्व भएका दलहरु प्रत्यक्ष वा अप्रत्यक्षरुपमा रअकै निर्देशानुसार चल्ने भएका हुँदा कतै स्थानीय चुनावमा नयाँ राष्ट्रवादी दलहरुको वर्चश्व हुने हो कि भनी डराएका भारतीय गुप्तचर संस्थाकै निर्देशनमा संविधानसँग बाझिने गरी बनाइएको निर्वाचन कानुनअनुसार नयाँ दलहरुलाई दलको हैसियतमा आआफ्नो चुनाव चिन्ह लिएर चुनाव लड्न बन्देज लगाउनुले पनि रअ समर्थित दलहरु नेपालको राजनीतिमा आफ्नो सिण्डिकेट मात्र चलाउन चाहन्छन् भन्ने कुरा प्रस्ट भइसकेको छ।

७) हिजोको संसदीय चुनावमा आफ्नो बहुमत सावित गरी संसदमा छिर्न सफल रअका नेपाली दलालहरु अब आमरुपमा स्थानीय सत्तामा पनि हावी हुँदैछन् । भारतले नियमित डिजेल र पेट्रोल अनि भारतमा उत्पादित वस्तुहरु सस्तोमा दिन्छ भने किन चाहियो नेपाल भन्ने स्वतन्त्र देश भन्ने सन्देश अब स्थानीय चुनावको माध्यमबाट वडासम्म पुग्दै छ।

८) खास अर्थमा प्रजातन्त्रमा प्रजातन्त्रकै विरोध गर्ने अधिकार पनि सुरक्षित भएका कारण जर्मनीमा हिटलरका अनि इटलीमा मुसोलिनेका समर्थन गर्ने दलहरु बैधानिक रुपमा कायम छन्। यी दुवै देशको संविधानमा जनताको विद्रोह गर्ने अधिकार (Widerstandrecht) लाई संविधानमै उल्लेख गरिएको छ । तर नेपालमा स्थानीय चुनावको विरोध गरौं भन्नेहरुलाई प्रहरीले समात्दै थुन्दै गर्नुले नेपालमा कुन किसिमको प्रजातन्त्रको संस्कार बस्दै छ त्यो नबुझिँदो भएको छ।

अब राष्ट्रियता जोगाउन नेपाली जनताले फेरि हतियार उठाउनैपर्ने बेला आए जस्तो छ किनकी १२ बुँदेका लेण्डुपहरु अब छिटै राष्ट्र खाँदै छन्।

## सम्पादकीय

# कछुवा शैलीको पुनर्निर्माण

०७२ साल वैशाख १२ गते ७.८ रेक्टर स्केलको विनाशकारी भूकम्पले नेपाली धर्ती नराम्रोसँग हल्लाएको थियो । गोरखा बारपाक केन्द्रबिन्दु बनाएर दिउँसो १२ बजे आएको भूकम्पले ११ जिल्लालाई अति प्रभावित बनाएको थियो भने ३८ जिल्लामा भूकम्पले क्षति पुऱ्याएको थियो। नौ हजार नेपालीको ज्यान गएको उक्त भूकम्पले २२ हजारलाई घाइते बनायो। भूकम्पले आठ लाख घरहरूमा क्षति पुऱ्यायो। भूकमपले नेपाल र नेपालीलाई शोकाकुल बनाएको समयावधिले यही वैशाख १२ गतेदेखि तेस्रो वर्ष प्रवेश गरेको छ। दुई वर्षको महत्वपूर्ण समयावधिमा पुनःनिर्माणको गति भने कछुवा शैलीको देखिएको छ ।

भूकम्पका कारण थुप्रै ऐतिहासिक महत्वका दरबार, मन्दिर, पाटी, सत्तल र प्रसिद्ध भीमसेन स्तम्भ अर्थात् धरहरा समेत पूर्ण रूपमा भत्किन पुगेका छन्। पुनःनिर्माणलाई तीव्रता दिने सरकारी उद्घोष केवल कागजी दस्तावेज र भाषणमा सीमित बन्न पुगेको छ। यो अवधिमा न त जनताका घर नै बनेका छन् न धरहरा ठडिन सकेको छ। पुनःनिर्माण प्राधिकरण राजनीतिक हानथापको केन्द्रबिन्दु बनेको छ । पर्याप्त बजेट भएको प्राधिकरणमा आफ्नो दल निकटका व्यक्तिलाई प्रमुख कार्यकारी बनाउन पाए कार्यकर्ताहरूले काम पाउँथे पार्टी र आफ्नो पनि जयकल्याण हुन्थ्यो भन्ने सोच नेताहरूको भएका कारण लामो समय कामभन्दा हानथाप र प्रतिष्ठाको लडाइँमा बिताएको प्राधिकरणले उल्लेख्य काम गरेको उदाहरण अहिलेसम्म देखिएको छैन । बरू उक्त निकायका इन्जिनियर, प्राविधिकहरू तलब, भत्ता थोर भयो भनेर संयुक्त राजीनामा दिएको विषयले भने मिडियामा राम्रै स्थान पाएको थियो ।

कामभन्दा कुरा धेर र कुराभन्दा पनि भाषणबाजी धेर गर्ने हाम्रा नेताहरू जनताले झेलेको हिउँ, तुषारो, आँधीहुरी, गर्मीभन्दा पनि सत्ताको फोहोरी र झेली खेलमा रमाइरहेका छन्। होइन भने विदेशबाट ओइरिएको अर्बौं सहयोगको पक्कै पनि सही सदुपयोग भएर पुनःनिर्माणले तीव्रता पाइसक्ने थियो । स्कुल, कलेज भत्किएर स्याउँले छाप्रामा शिक्षा लिइरहेका विद्यार्थीको पीडा पनि कम छैन। हजारौं विद्यालय र कक्षा कोठाहरू भुइँचालोले विनाश गऱ्यो । कतिपय एनजीओ आइएनजीओलाई यस्ता भत्किएका विद्यालयका तस्बिरहरू ठगी खाने भाँडो बनिरहेका छन्। जिल्ला सदरमुकामहरूमा संस्थाका बोर्ड झुण्ड्याएर महँगा गाडीमा सयर गर्दै होटलहरूमा गोष्ठी गर्ने संस्थाहरूलाई भुइचालोले कमाउ धन्दाको मौसम ल्याइदिएको छ ।

आठ लाख घरहरू क्षतिग्रस्त भए तापनि दुई वर्षको अवधिमा केवल २३ हजार घरहरू मात्र पुनःनिर्माण भएका छन्। निकै ठूलो झन्झटपछि सरकारी निकायबाट प्राप्त हुने रकम जनताको घर बनाउन हात्तीको मुखमा जीरा जस्तो हुने गरेको छ । कतिपयले प्राप्त रकमले जग उठाएर त्यत्तिकै छोडेका छन् । कलाकार धुर्मुस–सुन्तलीले व्यक्तिगत पहलमा तीन वटा नमुना बस्ती सफलतापूर्वक निर्माण गरे । त्यसैगरी धादिङमा स्थानीय युवा र सेतो गुम्बाको सक्रियतामा ५५ घर निर्माण भए। तर सरकार र भुइँचालोको नाममा व्यापार गर्ने संघसंस्थाहरूले त्यस्ता कुनै गहकिला उदाहरण प्रस्तुत गर्न सकेका छैनन् ।

हिउँदभरि जाडोले कठ्याङ्ग्रिएका जनतालाई फेरि वर्षाको असिनापानी र आँधीहुरीले चुट्न थालेको छ । अब सरकार अलमलिने बेला छैन । पुनःनिर्माण प्राधिकरणले मात्र जिम्मेवारी बहन गर्न सक्दैन भने अन्य सरकारी निकाय स्वयंसेवी संस्था, सुरक्षा निकाय सबैलाई परिचालन गरी जनतालाई सुरक्षित छानो छिटोछरितो ढंगले प्रदान गर्ने गरिनुपर्छ । अन्यथा पुनःनिर्माण केवल गफको विषय मात्र हुनेछ भने जनता घनघोर दुःखमा फसिरहने छन् ।

# स्थानीय चुनाव रोक्छु भन्नेहरूसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

**देश विखण्डनको प्रत्येक बोली व्यवहारमा छुट्टाछुट्टै अदालतमा बयान बकपत्र किन लिइँदैन ? यिनको यसरी बयान बकपत्र नलिने सत्तासीन अर्का ठालुहरूले श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्रको जत्ति बुद्धि पनि राख्दैनन् कि कसो ?**

प्रत्येक सार्वभौम देशले के गर्नुपर्छ भने

(क) संयुक्त राष्ट्र संघको वडापत्रको पालना

(ख) मानव प्राणी र वनस्पतिको दिगो संरक्षण

(ग) भ्रष्टाचार र भ्रष्टीकरणको न्यूनीकरण

(घ) न्यायपूर्ण समाजको निर्माण

(ङ) स्वदेशको सार्वभौमिकताको संरक्षण

यी पाँच कुरा अत्यावश्यकै हुन् । यिनैको बेवास्ताले धेरै अशान्ति भएको हो । आफ्नै देशमा मर्का पर्ने अथवा परेकाहरुले शान्तिपूर्ण आफ्ना मागहरु पेस गर्दा देश विखण्डन र विध्वंशको नारा लाग्न छोड्नु नै पर्छ। यिनै कुरा विदेशबाट आयात गर्नेहरुलाई अझै कडा प्रतिबन्ध लगाउनैपर्छ नत्र हिंसा र प्रतिहिंसा जन्मँदै जानु स्वाभाविकै हो । उपर्युक्त उद्देश्य प्राप्तिका लागि मित्रदेशहरुका पनि कूटनीति र राजनीतिका दुई शैली गतांकमा लेखिएको हो । वास्तवमा नेपाली प्रधानमन्त्री विश्वेश्वरले हिमालय हाम्रो सीमा भन्ने भारतीय प्रधानमन्त्री जवाहरलाललाई र सगरमाथा हाम्रो भन्ने चीनलाई राम्रै जवाफ दिएर आफ्नो नेपालको रक्षा गरेकै हुन्। त्यतिमात्र होइन माओवादी समस्या राष्ट्रिय हितअनुकूल समाधान गरेर विश्वका अरु देशबाट पनि नेपालले प्रशंसा पाएकै छ।

यसैकारण प्रत्येक देशले आफ्नो माटोको विखण्डनबिना सम्पूर्णता बचाउन आफ्नै ज्यान आहुतीमा तयारी हालतमा राख्ने सहिदहरु त्यार गरिरहेको हुन्छ। यस्तो नगर भन्नु पनि कसैले हुँदैन। यो त प्रत्येक नेपालीको कर्तव्य नै हो।

स्वार्थी मान्छेहरु प्राय: एकतन्त्री स्वभावका हुन्छन् । आज २०७४ वैशाखमा स्थानीय निकाय चुनावको मुखमा तराई नेपालको छुट्टै देश जसरी कहिले काठमाडौंको तीनकुनेमा कहिले विराटनगरमा १० जना ठालु बसेर धम्की दिइरहँदा उनीहरुलाई स्थानीय निकाय चुनाव भएर आफू नै हार्छु भन्ने मात्र लागेको हुनुपर्छ। चुनावबाट त स्थानीय भ्रष्टाचार बढ्ने होइन घट्नै नै थियो। त्यो भ्रष्टाचार अझ बढाउने हो कि भन्ने शंका उब्जेको छ यसबखत माओवादी आन्दोलन २०५२ पनि बिर्सिएको भान भएको छ।

त्यसबखत प्रत्येक अभियोगीलाई अदालतमा छुट्टाछुट्टै मुद्दा दर्ता हुने गर्थे। तिनै अदालतहरुमा कतिले खोजी खोजी ती मुद्दा सत्ताले नै फिर्ता लिइसके पनि तिनका मिसिल अथवा पीडित स्वदेशमै छन्। यही कुराको चुरो बुझेर माओवादीहरुले आफूलाई दिल्लीमै लिन आयो भनेका कुरा अरु नेताहरुले सार्वजनिकै गरेका छन्। त्यसै कारणले दुईवटा राजा नै खतम भएका पनि हुन्। यत्ति कुरो नसम्झेर देश विखण्डनको प्रत्येक बोली व्यवहारमा छुट्टाछुट्टै अदालतमा बयान बकपत्र किन लिइँदैन ? यिनको यसरी बयान बकपत्र नलिने सत्तासीन अर्का ठालुहरुले श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्रको जत्ति बुद्धि पनि राख्दैनन् कि कसो ?

यस्तै हो भने सत्तामा बस्नेले देशमा अशान्ति मच्चाउनेहरुलाई खेल्न दिइरहँदा नै योजनाहरु अधुरा रहेका हुन् भन्ने कि नभन्ने ? अर्को कुरा विद्रोही नियन्त्रणको नाममा मान्छेहरु निर्ममतापूर्वक बध गरेको देखिन्छ। सुरक्षाको नियमले सक्दो प्रयास घुँडामुनि अथवा तिघ्रासम्म गोली लाग्नुपर्ने होइन र ? यी सत्तासीनहरु गोली पीडितलाई १० लाख बाँड्न बसेका नभए बेतालिमे प्रहरी र सैनिक किन पालिरहन्थे ? हालसालै देवी सुनुवार मार्नेलाई अदालतले फैसला गरी सजाय दिएको हेरेकै हुनुपर्छ। यस्तै न्याय निसाफ बिगारी जथाभावी गरेपछि नै अशान्ति बढ्ने हो।

माथिका केही टिपोटहरुबाट सत्ता बाहिर बसेकाले कहिले सत्तामा पुगौंला भनी अशान्ति गर्ने हुन्। सत्ता भित्रकाले उपर्युक्त (क) देखि (ङ) सम्मका कर्तव्य राम्रैसँग पूरा गरेकै हुनुपर्छ । सबभन्दा ठूलो कुरा न्यायपूर्ण समाज तयार गर्नु नै सत्ताको कर्तव्य हो । यस्तै कामले नेपालका इतिहासमा र वर्तमानमा जस पाउने हुन्छ। यस्तो नगर्ने सत्तालाई पनि समयले माफी दिँदैन । हाम्रा इतिहास र वर्तमान हेर्नेले नेपालको काम विदेशले गरिदेला भन्दैनन्। नेपालले नै गर्नुपर्छ भन्छन् । चुनाव रोकेर कसैको भलो छैन । बरु चुनावबाट आएपछि पित्तलबाट नेताहरु सुन हुनेछन् हैन र ?

## अबको क्रान्ति : पर्यावरणीय

सुदर्शन प्रधान

# भावी सहर र गाउँबस्तीको स्वरुप कस्तो होला ?–२

भनपा ३ स्थित नारायणगढको मेनरोडमा सन् १९६२ मा यस पंक्तिकारको जन्म भएको थियो । सो सहरमा मानव बस्तीको सुरुवात सन् १९३३ मा मेरो हजुरबुबा कृष्णगोपाल प्रधानले गर्नुभएको थियो तर नेपालको यही मात्र त्यस्तो सहर हो, जसको नजिकै ठूली नदी नारायणी बग्छिन् । आज ८० वर्षपछि उनै प्रधानको नातिले स्पष्ट भन्न सक्छ–भविष्यमा यो सहर रहँदैन । प्राकृतिक विपत्ति आइलाग्नुअघि नै स्थानान्तरण गर्नुपर्छ, नत्र एक सय वर्षपछिचाहिँ सर्नैपर्छ । स्मरणरहोस्, सिमेन्ट र कङ्क्रिटबाट बनेका घरभवनहरुको आयु एक शताब्दी मात्र हो ।

काठमाडौं, पोखरा र नारायणगढमा घरजग्गा हुने जनताले आज यो अवधारणामाथि घोर आपत्ति जनाउन सक्छन् तर उपरोक्त कुरा यहाँ पर्यावरणमैत्री राज्य व्यवस्था स्थापना भएपछि क्रमश: स्थापित हुने कुरा हुन्, जुन व्यवस्थाले हरेक जनताको जिउधनको सुरक्षा, शान्ति र समृद्धिमाथि मध्यनजर गरी नीतिनिर्माण गरेर कार्यान्वयन गर्छ । नारायणगढ मात्र होइन, त्यहाँदेखि सुदूरपश्चिम गोलाघाट (नारायणी नदी र राप्तिको दोभान) सम्मको भूभागमा मानव बस्ती रहनु हुँदैन, अन्न तथा खाद्यान्न उत्पादन गर्नुपर्छ । पुरातात्विक महत्वका स्थान र जैविक विविधताको संरक्षणलाई मध्यनजर गरिनु अनिवार्य हुन्छ । मूल कुरा प्राकृतिक सुरक्षा, उर्वराहीन भूभाग, स्वच्छ वातावरण, सुन्दर दृश्यहरु र मूल राजमार्गदेखि केही पर मानव बस्तीका लागि मूल सर्तहरु हुनेछन् ।

सहरका हरेक टोलहरुमा पार्क, युवा र केटाकेटीहरुका लागि खेलकुद मैदान, व्यायामशाला रहनेछन् । आवश्यकतानुरुप स्कुल, अस्पताल, कलेज, पुस्तकालय, क्लबहरु बन्नेछन् । दुई जना मान्छे छिर्न पनि मुस्किल पर्ने वर्तमान काठमाडौं जस्ता अव्यवस्थित सहर रहने छैनन् । अर्कोतिर नेपालका छरिएर रहेका गाउँका घरहरुमा खानेपानी, बिजुली, स्कुल, अस्पताल जस्ता अत्यावश्यक सुविधाहरुबाट पनि टाढा बस्नुपर्ने अवस्था छ । भावी सहरहरुमा त्यसको अन्त्य हुनेछ । आज भएका थुप्रै कुराहरु भावी सहरले अपनाउने छैनन् ।

नेपालका सबै सहरहरुले ढलनालीहरुबाट नजिकका खोला, नदी, तालतलैयाहरुमा मानवीय मलमूत्र, प्रदूषित तरल र औद्योगिक विषालु रसायनहरु मिसाउँछन् । सहरमा थुप्रिने फोहोरहरु नजिकको जंगल, नदी, खोलाका किनार र भिरपाखामा फ्याँयिकन्छन् र सुन्दर प्रकृतिलाई कुरुप, दूषित र दुर्गन्धित तुल्याउँछन् । भावी सहरहरुमा ती कुराहरु पूर्ण रुपले नियन्त्रण गरिनेछ । किनकि धरतीप्रेमी राज्य व्यवस्थामा हरेक मानव प्रकृतिप्रेमी हुनेछ र सम्पूर्ण व्यवस्थापन पर्यावरणमैत्री बन्नेछ ।

काठमाडौं सहरका काँठ क्षेत्रहरुमा मात्र मानवबस्ती तथा सहरहरु रहनेछन् । उर्वरायुक्त भूमिमा रहेको घना आवादी कालान्तरमा सर्नेछ । यहाँका पुरातात्विक महत्वका कुराहरुबाहेक अरु सबै उठ्नेछन् । राज्यले सही नीति लिएपछि आम जनता नै जागरुक भएर त्यसमा अगाडि बढ्नेछन् । जसरी आज (२००७-२०७०) सम्मका शासकहरुको अदूरदर्शिता र राज्यको गलत नीतिले देशभरिका जनता ओइरो लागी यो सुन्दर उपत्यका कुरुप बनेर उर्वरा भूमिमा सिमेन्टका घरहरु उभिए । यो प्रवृत्तिले देशभरिका जनतालाई गलत सन्देश दियो र प्राय: उर्वरभूमिहरुमा सहरबजार, स्कुल, कलेज, उद्योग, सरकारी अफिसहरु निर्माण भए । भावी सन्ततिले यो पुस्ताका गलत वा घातक कुराहरु परित्याग गरी आफूलाई प्रकृतिप्रेमी मार्गमा अगाडि बढाई आमूल परिवर्तन गर्नेछन् । कतिसम्म भने प्रकृतिको संरक्षणका अगाडि पुरातात्विक स्थलहरु पनि प्राथमिकतामा पर्दैनन् ।

उल्लिखित चितवन, नवलपरासी, तनहुँ, लमजुङ, गोरखा जिल्लाहरुमा झैं देशैभरि, अझ महादेशभरि र संसारभरि मानवबस्ती तथा सहरबजारहरुको निर्माणले त्यहाँका डाँडापाखा र एकान्तका अरु सम्पूर्ण भूभागहरुमा वनजंगल, जडीबुटी, फलफूलहरु रोपिनेछन् । मूलत: पहिले भएका तर पछि मानव आक्रमणले लोप भएका वन र वनस्पतिहरुलाई प्राथमिकता दिइनेछ । वन्य जीवजन्तु र पशुपक्षीहरुबारेका प्राणीहरु पनि खोजी खोजी छोडिनेछन् । मानव जातिको सिंगो इतिहासमा प्रकृतिमाथि भीषण आक्रमण र विनाशको नीति अपनाउँदै आएको यो जाति विलकूल नयाँ इतिहासमा प्रवेश गर्नेछ । जहाँ प्रकृतिको संरक्षण र सम्बर्द्धनलाई प्राथमिकता दिई चौतर्फी संरचनाहरु निर्माण हुनेछन् । यसबाट प्रकृति पनि इतिहासमै मानव जातिप्रति पहिलो पटक हर्षित बन्नेछ । के थाहा काठमाडौं जस्ता ठाउँहरुमा पुन: तालहरु बन्दैनन् भनेर ? जुन बेला पुरातात्विक वस्तुहरुको राम्ररी उत्खनन् गरी त्यसको स्थानान्तरण हुने नै छ ।

सीमित क्षेत्रमा मानव बस्ती, पर्यावरणमैत्री जनजीवन र जनआवादी पनि नियन्त्रित बनेपछि वनजंगलको विकास र वृद्धि अनि त्यहाँ वन्य जीवजन्तु र पक्षीहरुको विकासले प्रकृतिमा पनि ठूलो क्रान्ति हुनेछ ।

(क्रमशः)

# मैले देखेको चौथो विश्व आश्चर्य : न्युयोर्कको स्वतन्त्रताको मूर्ति

— सुरेन्द्र ढकाल —


मूर्ति अगाडिको भाग


मूर्ति रहेको टापुबाट देखिने न्यूयोर्क सहर


मूर्तिको हातले उचालेको मसाल र त्यसमुनिको भ्यु टावर


मूर्ति अड्याउने पेडस्टल निर्माणावस्था


मूर्तिको टाउको र निधारमा रहेका दृश्यावलोकन गर्ने झ्याल




मूर्ति अवलोकन स्थलमा सुरेन्द्र ढकाल र वसन्त मल्ल

कुरा सन् २००३ मार्च महिनाको हो । त्यतिखेर म गलैंचा निकासीकर्ता संघको कार्यकारी सल्लाहकार थिएँ । विश्वबजारमा नेपाली गलैंचाको प्रवर्द्धन गर्ने जिम्मा पाएको थिएँ । यसैकारण विश्वभरिका अन्तर्राष्ट्रिय मेलाहरुमा भाग लिई, 'नेपाल साँझ' नामक व्यापारिक अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्नुपर्थ्यो । त्यसैक्रममा सन् २००३ को अप्रिल महिनामा न्यूयोर्कमा आयोजना हुने होमटेक्सटायल मेलामा हामीले सहभागिता जनाउने निर्णय गर्‍यौं ।

नेपाल गलैँचा निकासीकर्ता संघका ५ सदस्य कम्पनीहरुले उक्त मेलामा स्टल लिई आफ्नो कारखानाबाट उत्पादित गलैँचा प्रदर्शन गरी नयाँ अमेरिकी क्रेताहरु आकर्षित गर्ने रणनीतिका साथ अमेरिका जाने निधो भयो । मेरो काम चाहिँ उक्त मेला अवधिमा एक नेपाल साँझको आयोजना गरी नेपाली गलैँचाका अमेरिकी क्रेता र नेपाली बिक्रेताबीच व्यापारिक अन्तर्क्रिया आयोजना गर्नुको अतिरिक्त स्टलहरुको व्यवस्थापनमा सहजीकरण गर्ने कार्य गर्नुपर्थ्यो ।

चार दिन चलेको उक्त मेलामा सफलताका साथ भाग लिई, नेपाल साँझ कार्यक्रम आयोजना गरिसकेपश्चात् बाँकी काम भनेको न्यूयोर्क घुम्ने नै थियो । ४ अप्रिलका दिन हामी काठमाडौं अवुधावी, फ्रान्कफर्ट हुँदै न्यूयोर्कको जोन अफ केनेडी विमानस्थलमा ओर्ली मानहटनको स्टानफोर्ड होटलमा गएर बसेका थियौं । तर भोलिपल्ट बिहानै मित्र वसन्त मल्लका अमेरिकामा रहेका साथीहरु हामीलाई भेट्न आउनुभयो र हामीलाई होटलमा बस्न नदिई ज्याकसन हाइटस्थित आफ्नै डेरामा लगेर राख्नुभएको कारण हामीलाई निकै राहत भएको थियो । त्यसपछि नेपाली खाना पकाउँदै खाँदै हामी न्यूयोर्क घुम्न थाल्यौं । पहिलो हाम्रो गन्तव्य थियो स्टाचु अफ लिवर्टी (स्वतन्त्रताको मूर्ति) हेर्ने । त्यसको लागि हामी तीन जना म, वसन्तजी र गोपालजी बिहानको खाना खाएर त्यसतर्फ हानियौं । यस पटक पनि म विशेष रुपमा खुसी थिएँ । किनकि एक त जिन्दगीमा पहिलो पटक अमेरिका आउन पाएको झन् त्यसमाथि विश्व आश्चर्य मानिने स्टाचु अफ लिवर्टी हेर्न पाएको । मेरो खुसीको सीमै थिएन । हामी ज्याकसनहाइटबाट ट्राममा चढी त्यसतर्फ लाग्यौं ।

## स्टाचू अफ लिवर्टी

यो मूर्ति न्यूयोर्कसँगै रहेको न्यूयोर्क बन्दरगाहको एउटा बेड्लो नाम गरेको टापुमा अवस्थित छ । पछि यसलाई लिवर्टी टापु भन्न थालियो । तामाले बनेको यो मूर्ति अमेरिकी जनतालाई बेलायती उपनिवेशबाट मुक्त गरी स्वतन्त्रता दिलाउन सहयोग गर्ने देश फ्रान्सले दिएको उपहार हो । यसको डिजाइन गुस्ताभ आइफिल नामक एक फ्रेन्च नागरिकले गरेका थिए । यो मूर्ति रोमन देवीको हो । उनको देब्रे अंगालोमा रहेको ढुंगाको प्लेटमा जुलाइ चार १७७६ भनी कुँदिएको छ जुन मिति भनेको अमेरिकीहरु बेलायती उपनिवेशबाट मुक्त भई स्वतन्त्र भएको दिन हो । यद्यपि त्यो मिति यस मूर्तिको निर्माण भएको मिति भने होइन ।

खास निर्माण मिति भनेको सन् १८७५ को शुरुमा हो जस्को लागि फ्रान्स सरकारले निर्माणको लागि आवश्यक रकमको सहयोग गर्ने र अमेरिकी सरकारले सोको लागि जग्गा उपलब्ध गराउने सम्झौता भएको थियो । यस मूर्तिको टाउको र मसाल बोकेको हात वार्थहोल्डी भन्ने कालिगढले बनाई सन् १८७६ मा भएको फिलाडेल्फियाको शतवार्षिकी मेलाको अवसरमा प्रदर्शन गरेका थिए भने प्रदर्शनपश्चात् मूर्तिका यी दुई टुक्रालाई मानहटनस्थित म्याडिसन स्क्वायरमा ल्याएर राखिएको थियो । सिंगो मूर्तिका अन्य टुक्राहरु फ्रान्समा बनाई समुन्द्री जहाजबाट अमेरिका ल्याइएको थियो ।

निर्माणको लागि फ्रान्सले चन्दास्वरुप उठाएको रकम दुई लाख पचास हजार फ्रान्क अपुग भएको कारण एक लाख बीस हजार डलर अमेरिकीहरुबाट प्रत्येकसँग अधिकतम एक डलर चन्दा संकलन गरी उठाइएको थियो । यस प्रकार सन् १८८५ मा यसको निर्माण सम्पन्न भएको थियो । निर्माणपश्चात् यसको व्यवस्थापनको जिम्मा सन् १९०१ सम्म अमेरिकी लाइटहाउस बोर्डले लिएको थियो भने सन् १९३३ देखि यसको संचालनको जिम्मा नेसनल पार्क सर्भिसले लिएको छ ।

सन् १९१६ सम्म मूर्तिले मसाल बोकेको बार्दलीसम्म पर्यटकहरुलाई जान दिइन्थ्यो भने पछि सुरक्षाको कारण देखाई बन्द गरिएको थियो । मूर्ति उभ्याउने पेडस्टलको निर्माण सन् १९८५ को जुन महिनामा नै सम्पन्न भएको थियो जस्को डिजाइन रिचार्ड मोरिसले गरेका थिए । मसालको मुन्तिरको भ्युटावरको रुपमा रहेको वाल्कोनी पेडस्टलजस्तै ग्रेनाइटले बनाइएको छ ।

यस मूर्तिको उद्घाटन अक्टोबर २८ १८८६ मा अमेरिकी राष्ट्रपति ग्रोभर क्लिभलायण्ड गरेका थिए । उद्घाटन गर्नको लागि मेडिसन स्क्वायरबाट जुलुसको नेतृत्व गर्दै राष्ट्रपति अगाडि बढिरहेका थिए । समुद्रको किनारबाट लिवर्टी टापुसम्म हावाले चल्ने डुंगाबाट सबैलाई लिवर्टी टापु ल्याइएको थियो । उद्घाटन कार्यक्रममा सर्वसाधारणलाई प्रवेशको अनुमति नभई उच्च पदस्थ कर्मचारी र सैनिकहरुमात्र उपस्थित थिए । मूर्तिले उचालेको मसालमा अग्नी प्रज्वलन उद्घाटन गरिएको थियो ।

पहिलो विश्वयुद्धताका जर्मनहरुले यस मूर्तिलाई ध्वंश गर्ने उद्देश्यले तोप आक्रमण गरे तापनि यो मूर्तिको पूरै नभई आंशिक रुपमा मात्र क्षति पुग्न गएको थियो । दोस्रो विश्वयुद्धताका भने यो मूर्ति रहेको स्थलमा पर्यटकहरुलाई प्रवेश दिइएको थियो तर सुरक्षाको कारण मसाल भने बालिएको थिएन । सन् १९५७ देखि भने हरेक रात मसाल बालिन्छ जसले गर्दा पर न्यूयोर्कबाट राति पनि लिवर्टी आइलैण्डको यस मूर्तिलाई देख्न सकिन्छ ।

सन् १९५६ सम्म यो मूर्ति भएको टापुको नाम बोड्ले थियो भने अमेरिकी संसदले यसको नाम लिवर्टी आइलैण्ड राख्यो । राष्ट्रपति निक्सनको पालामा मूर्ति रहेको भुइँतलामा आप्रवासी म्युजियम खोली संचालनमा आएको छ जसले अमेरिकामा आप्रवासन कसरी सुरु भयो भन्ने फोटोसहितको जानकारी प्रदान गर्दछ । पछि सन् १९८२ मा गएर यसको जिणोध्दार गर्ने कार्यको शुभारम्भ गरियो जुन सन् २००० सम्म कायम रह्यो र २००१ देखि यो स्थल पुन सर्वसाधारण पर्यटकहरुको लागि खोलिएको छ ।

सेप्टेम्वर ११ को अमेरिकामा भएको आतंककारी हमलाको कारण केही समयको लागि पुन बन्द भए तापनि २००९ बाट यसलाई पुनः सर्वसाधारणको लागि खुला गरिएको छ र मसाल राखेको बार्दलीसम्म दैनिक रुपमा सीमित पर्यटकहरुलाई मात्र जान दिइन्छ । यस क्षेत्रमा पुग्ने पर्यटकहरुको लागि कुनै पनि शुल्क लाग्दैन तर मानहटनबाट पानीजहाज (फेर्‍री) चढेर जानु पर्ने हुँदा फेर्‍रीको शुल्क भने बुझाउनु पर्दछ ।

यस मूर्तिलाई मानावीय सिर्जनाको विश्व आश्चर्य मानिएसँगै सन् १९८४ मा युनेस्कोले यसलाई विश्वसम्पदा सूचीमा पनि राखेको छ । यसलाई विश्वशान्ति, मानव अधिकार, दासत्व उन्मूलन र प्रजातन्त्रको प्रतिमूर्तिको रुपमा लिने हुँदा लाखौं पर्यटकहरु हरेक वर्ष यो मूर्ति हेर्न न्यूयोर्क पुग्छन् ।

तामाले बनेको मूर्तिको उचाई ४६ मिटर रहेको छ भने मूर्ति उभ्याउन बनाइएको पेडस्टल उचाई ९३ मिटर, कुर्कुच्चादेखि टाउकोसम्मको उचाई ३४ मिटर, उठाइएको हातको उचाई ५ मिटर, औंला २ दशमलव ४४ मिटर, चिउँडोदेखि तालुसम्मको उचाई ५ दशमलव २६ मिटर, एक कानदेखि अर्को कानसम्मको गोलाई ३ दशमलव ५ वर्गमिटर, नाकको लम्वाई १ दशमलव ४८ मिटर र मूर्तिको कुल तौल २०४ टन रहेको छ ।

## देपसा गान

शब्द : टि.प्रसाई
स्वर : दुर्गा राना

टिस्टाको पानी साक्षी छ अझै सलल बगेको
काँगडा, किल्ला ढलेको छैन वीरले रचेको ।
अमर, भक्ति, बलभद्र जस्ता वीरका सन्तान
पृथ्वी जस्ता एकताप्रेमी सृष्टिका मुहान ॥

नठान आफैं कमजोर तिमी गोर्खाली वीर हौ
काम त धेरै गर्नु छ तिम्ले हिमालका शिर हौ ।
लड्नु छ अझै धर्तिका लागि जिउ, ज्यान त्यागेर
पाइन्न नत्र एकमुठी माटो भिक्षामा मागेर ॥

मिचिए हाम्रा सिमाना धेरै नेपाल खुम्चियो
सुगौली सन्धिमा जालझेल गरी देश यो लुटियो ।
विशाल नेपाल लुटेको हाम्रो नफर्काइ हुँदैन
सुतेर बसे बैरीले त्यसै लैजाऊ भन्दैन ॥

मेची र काली खुम्चेको देश झन् सानो हुँदैछ
ती जंगेपिलर सारेर बैरी हामीलाई मिच्दैछ ।
कालापानी खायो, सुस्ता खायो नपुगी त्यतिले
इलाममा खायो बहुमूल्य भूमि दक्षिणको जालीले ॥

मधेसमा हाम्रो खुम्च्यायो भूमि लुम्बिनी ताक्दै छ
नक्कली मन्दिर बनाई उता सक्कली भन्दै छ ।
जलस्रोत हाम्रो पिइसक्यो सबै सुख्खा छ तराई
चुरेका ढुंगा ओसारिसक्यो उजाड बनाई ॥

अरूको भर नपरौं अब धेरै छन् दलाल
आमालाई बेची कमिसन खाने बेइमानी गद्दार ।
जनतालाई ढाँटी विदेश धाउँछन् पर्नलाई लम्पसार
विदेशी प्रभु निल्नलाई देश बन्दै छ तम्तयार ॥

देपसा मोर्चा आइपुग्यो अब गाउँघर सहरमा
तीन पातको चुनाव चिन्हलाई बोकी जनताको घरघरमा ।
नेपाल आमा, पृथ्वी आमा, गरिब आमालाई
विकसित पार्ने नीति छ हाम्रो देश र जनतालाई ॥

उठ न दाजु, भाइ र बैनी, आमा र दिदी हो
नसुत अब जोगाउन देश सुतेर हुन्न हो ।
मोर्चा यो हाम्रो बलियो पारौं रोजेर तीन पात
विश्वका सबै नेपालीबीच फैलाऊँ सद्भाव ॥

*(देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाद्वारा सार्वजनिक समारोहहरुमा गाइँदै आएको देशभक्तिपूर्ण गान)*

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

सुनिश्चित महिला तथा बाल अधिकार सुसम्पन्न नेपालको पूर्वाधार

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

महिला हस्ताक्षर

■ सविता श्रेष्ठ

# सबैजसो दुर्व्यवहार महिलामाथि

काठमाडौं । काठमाडौं स्युचाटार बस्ने कल्पना कार्की (नाम परिवर्तन)लाई फेसबुकमा 'फ्रेन्ड रिक्वेस्ट' आयो । तस्बिर हेर्दा भलाद्मी लागेपछि उनले त्यसलाई स्वीकार गरिन् । हाई, हेल्लोमा सुरु भएको च्याटको सामान्य गफगाफ केही महिनापछि कल्पनालाई असहज लाग्न थाल्यो । फेसबुकसाथीले म्यासेन्जरमा गर्ने कुराकानी र त्यसका भाव अनेक अर्थ लाग्ने खालका हुन थाले । यसपछि उनले कुराकानी नै बन्द गरिदिइन् । रिप्लाई नदिँदा पनि निरन्तर म्यासेज आइराखेपछि कल्पनाले फेसबुकको त्यो साथीलाई 'ब्लक' (फेसबुकमार्फत सम्पर्क गर्न नसकिने) नै बनाइन् ।

कल्पनाले त समयमा नै ती साथीको मनोभाव बुझिन् र आफ्नो समस्या समाधान गरिन् । तर, सबै महिला उनीजस्तै आफ्नो समस्या समाधान गर्न सक्दैनन् । काठमाडौंकी रमा शाह (नाम परिवर्तन)को फेसबुक प्रोफाइल चिनजानकै केटा साथीले ह्याक गरेर अश्लील फोटो राखिदिए । आफ्नै एकाउन्टमा आफ्नै अनुहार भएको अश्लील फोटो देखेर अत्तालिएकी उनी समस्या समाधानका लागि महानगरीय अपराध महाशाखाको साइबर सेलमा उजुरी दिन पुगिन् । उजुरीलाई छानबिन गरेर सोलुखुम्बुका युवक पक्राउ गरेर महाशाखाले मुद्दा चलायो ।

यस्तै, फेक आईडी बनाएर त्यसैको आडमा युवतीलाई आफैं उनीहरूकै अश्लील तस्बिर बनाएर म्यासेजमार्फत पठाउने काठमाडौंका अर्का युवाविरुद्ध पनि मुद्दा चलाइएको छ । फेक आईडी खोलेर छोराको अपहरण गर्छु भन्दै फेसबुक म्यासेन्जरबाट एक महिलालाई 'ह्यारास' गर्ने अर्का युवकका विरुद्धमा पनि मुद्दा चलाइएको महाशाखाको साइबर सेलका प्रमुख प्रहरी नायव उपरीक्षक पशुपति राय बताउँछन् ।

साइबर सेलमा न्यु मिडियाको प्रयोग गर्दा हुने अनलाइन ह्यारासमेन्टका यस्ता घटनाका उजुरी दिनहुँ आउने गर्छन् । पछिल्लो ६ महिनामा मात्रै सेलमा ५ सय ६० उजुरी परेका छन् । उजुरी पर्नेमा अधिकांश घटना दुर्व्यवहारका हुने गर्छन् । त्यसबाहेक ठगीका केही घटना हुने सेलका प्रमुख राय बताउँछन् ।

**अनलाइन मिडियामार्फत हुने दुर्व्यवहारका लगभग सबैजसो पीडित महिला छन् । सोसल मिडिया भनिने यी माध्यमबाट परिचय लुकाएर गरिने दुर्व्यवहारको सिकार महिला हुने गरेका छन् ।**

इन्टरनेटको प्रयोगबाट चलाउन सकिने, धेरैभन्दा धेरैको सहभागिता हुने मिडियालाई नै न्यु मिडिया भनिन्छ । यसले विशेषतः अनलाइन सञ्चारमाध्यम, ब्लग, विभिन्न साइट्स तथा फेसबुक, ट्वि‌टर, इन्स्टाग्राम, ह्वाट एप्स, बी च्याटलगायतका सामाजिक सञ्जाललाई जनाउँछ । कसैलाई दुःख र हीन महसुस बनाउन गरिने व्यवहारलाई दुर्व्यवहार भनिन्छ । महिलामा खासगरी रूप, रङ, लिङ्गलगायतका आधारमा यस्तो दुर्व्यवहार हुने गरेको छ । बढ्दो इन्टरनेटको प्रयोगसँगै न्यु मिडियामा च्याट तथा भिडियोमार्फत पनि महिलालाई दुर्व्यवहार हुने गरेको छ । अनलाइनमार्फत हुने यस्ता समस्या तथा कार्यलाई दुर्व्यवहारका नयाँ रूप मानिएको छ ।

सूचनाप्रविधिको विकास र बढ्दो प्रयोगले महिलाले दुर्व्यवहारका नयाँ-नयाँ रूपको सामना गर्नु परिरहेको छ । मोबाइल र सामाजिक सञ्जालको व्यापकताले अनेक फाइदासँगै विकृति पनि बढाएको छ । सांस्कृतिक समालोचक डा. अर्चना थापा पहिले-पहिले सिट्ठी बजाएर, सुसेली हालेर, गीतबाट जिस्क्याएर, छोएर गरिने दुर्व्यवहार अहिले फोन, इन्टरनेटलगायतका प्रविधिमा रूपान्तरण भएको बताउँछिन् । पहिलेजस्तो व्यक्तिको अगाडि तथा नजिक पुगेर नै दुर्व्यवहार गरिन्छ भन्ने छैन । कसैको अगाडि नपरी तथा परिचय लुकाएर गरिने दुर्व्यवहारका घटना इन्टरनेटमार्फत हुने गरेको छ ।

धेरैले चलाउने र सजिलै अरूलाई दुर्व्यवहार गर्न सकिने भएकाले फेसबुकलगायतका सामाजिक सञ्जालबाट धेरै महिला दुर्व्यवहारमा परेको साइबर सेलका प्रमुख राय बताउँछन् । सेलले फेसबुकको प्रोफाइल ह्याक गरेर अश्लील फोटो राख्ने, नक्कली आईडी बनाएर युवतीलाई सताउने, गालीबेइज्जती गर्नेलाई कानुनी कारबाहीका लागि प्रक्रिया अगाडि बढाएको छ । सेलमा पर्ने उजुरीमध्ये करिब ९० प्रतिशत उजुरी सामाजिक सञ्जाल प्रयोगकर्ताबाट हुने गरेको उनले बताए । दुर्व्यवहारका ९० प्रतिशत उजुरीमा महिला नै पीडित हुने गरेका छन् । दुर्व्यवहारमा पनि यौनजन्य दुर्व्यवहारका घटनालाई गम्भीर मान्दै मुद्दा चलाइने गरिएको छ ।

सेलले आर्थिक वर्ष ०७२/७३ मा परेका हाठ सय ३० उजुरीमा २३ वटामा मुद्दा चलाएको छ । जसमा यौनजन्य दुर्व्यवहारको मुद्दा १७ वटा रहेका छन् । ०७१/७२ मा ३ सय ९ उजुरी परेकोमा ३१ वटा मुद्दा चलाउँदा दुर्व्यवहारका १८ मुद्दा थिए । ०७०/७१ का ९८ उजुरीमा १६ वटाको मुद्दा चलाउँदा चारवटा यौनजन्य दुर्व्यवहारका थिए ।

'पीईडब्लू' रिसर्च सेन्टरले सन् २०१४ मा गरेको सर्भेमा अनलाइनको प्रयोग गर्नेमध्ये ४० प्रतिशत ह्यारासमेन्टमा पर्ने गरेको पाइएको छ । सर्भेमा अनलाइनबाट हुने दुर्व्यवहारमध्ये धेरैजसो सामाजिक सञ्जालबाट हुने गरेको छ । सेन्टरका अनुसार करिब ६६ प्रतिशत दुर्व्यवहार सामाजिक सञ्जालबाट हुने गरेको छ । अध्ययनका अनुसार १८ देखि २९ वर्ष समूहका धेरै दुर्व्यवहारमा पर्ने गरेका छन् । अनलाइनबाट हुने दुर्व्यवहारमा ५० प्रतिशत महिला नाम बिगारेर जिस्क्याउने, ३६ प्रतिशत नियतवश होच्याउने, २६ प्रतिशत अनलाइनमार्फत पछ्याउने, २५ प्रतिशत यौनजन्य दुर्व्यवहार, २३ प्रतिशतले शारीरिक धम्की र १८ प्रतिशतले निरन्तर दुर्व्यवहारको सामना गर्नुपरेको तथ्याङ्क सेन्टरको रहेको छ ।

समाजमा जिस्क्याउने, मानहानि गर्ने खालका दुर्व्यवहारलाई सामान्य ठान्ने चलन रहेको मनोविद् डा. गंगा पाठक बताउँछिन् । तर, यस्ता दुर्व्यवहारले मानसिक पीडासमेत हुने गरेको छ । समयमा नै समस्या समाधान नहुँदा गम्भीर खालका मनोरोग पनि निम्त्याउन सक्छ । प्लस टु पढ्दै गरेकी किशोरीको पढाइमा ध्यान केन्द्रित नहुने, एक्लै बस्न रुचाउने भएपछि अभिभावक डा. पाठककोमा परामर्श लिन पुगेका थिए । किशोरीको समस्या केलाउँदै गर्दा सामाजिक सञ्जालमा पोस्ट गरेको तस्बिरमा आएको कमेन्टमा प्रयोग गरिएका शब्दले उनी मानसिक रूपमा प्रभावित भएको उनले पाइन् ।

दुर्व्यवहारमा पर्दा गरेको काम रचनात्मक हुनु त टाढाको कुरा, बारम्बार बिग्रने, समयमा नसक्ने, नतिजामुखी नहुने हुन्छ । काम बिग्रेपछि पाइने अपजसले मनमा सङ्कोच, छटपटी र तनाव हुनु स्वाभाविकै हो । त्यो अवस्थामा धेरैजसोले विकल्प खोज्छन्, त्यो नपाए पलायनको बाटो रोज्ने मनोविद् डा. पाठक बताउँछिन् । यसबाट महिलाको वृत्तिविकास पुरुषको जस्तो सहज हुँदैन । दुर्व्यवहार लुकाउने कोसिस गर्दा थप पीडा हुन सक्ने भएकाले यसविरुद्ध तत्काल आवाज उठाउनुपर्ने पाठकको सुझाव छ ।

दुर्व्यवहार गर्नेलाई विद्युतीय कारोबार ऐनमार्फत दण्डित गर्न सकिन्छ । यौनजन्य आशयले गरिएको दुर्व्यवहारलाई जबर्जस्ती करणी उद्योगअन्तर्गत कारबाही गर्न कानुन पनि छ । जुनसुकै किसिमका दुर्व्यवहारविरुद्ध कारबाहीको कानुनी ग्यारेन्टी भए पनि उजुरी दर भने न्यून छ । महिलाविरुद्ध हुने भेदभाव अन्त्यसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिकी सदस्य बन्दना राणा ऐन-नियमबारे जानकारी नै नभएका कारण कम उजुरी पर्ने गरेको बताउँछिन् । 'विकसित देशहरूमा यस्ता दुर्व्यवहारबारे खुला छलफल र प्रतिकार गरिन्छ,' उनी भन्छिन्, 'नेपालजस्ता विकासोन्मुख देशमा पीडित नै खुलेर आउन सक्दैनन् ।'

*(संचारिका फिचर सेवा)*

# बाल विवाहमा कमी

■ दीपेन्द्र प्रजापति

बालमैत्री स्थानीय शासन अवलम्बन गरिएपछि पर्सा जिल्लाको स्थानीय तहमा आश्चर्यजनक रुपमा बाल बिबाहमा कमी आएको छ । जिल्लाको तत्कालीन बेल्वा गाबिसका गाविस सचिब अनिल सुबेदीकाअनुसार बालमैत्री स्थानीय शासन अवलम्बन गरिएबाट नै यो उपलब्धी देखा परेको हो । गाविसमा बालबिबाहको प्रचलन थामी नसक्नु नै थियो । गाविसले बालमैत्री स्थानीय शासन अवलम्बन गरेबाट अहिले बालबिबाह रोकिएको छ । गाविस सचिब सुबेदी भन्छन्- 'बाल बिबाह बिरुद्ध चेतनामुलक कार्यक्रम सुरु भएबाट यो सुधार देखिएको हो ।'

पर्सा जिल्लाको बेल्वा गाविसले २०६८ सालबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्न थालेको हो । साविक बेल्वा गाविस स्थानीय तहको पुनर्संरचनापश्चात वडा नम्बर ४ र ७ मा सीमित भएको छ । बेल्वा गाविसलाई नै केन्द्र मानिएको नयाँ संरचनामा तत्कालीन बसडिलवा, बगही, लालपर्सा, चोरनी गाविस समेत मिसाएर पुनर्संरचित बेलवा गाउँपालिका बनेको छ । शिक्षाको कमी, रुढीग्रस्त परम्परा तथा आर्थिक कारणले पनि बालबालिकाको १८ बर्ष नपुग्दै बिबाह गर्ने प्रचलन थियो । तर बालमैत्री स्थानीय शासन लागू भएपछि बाल बिबाहबाट हुने बेफाइदाबारे उनीहरूले जानकारी पाए । स्थानीय निकायले बालबिाह बिरुद्ध सडक नाटक जस्ता जनचेतनामूलक कार्यक्रम गरेपछि यो सफलता हात परेको हो ।

बाल बिबाहमा कमी आउनुमा बालबालिकाको भूमिका महत्वपूर्ण भएको स्थानीय तत्कालीन बेलवा गाविस स्तरीय बाल संजालकी अध्यक्ष बिद्या रिजालको दाबी छ । 'बालबालिकालाई उमेर नपुगी बिहे गर्ने परम्परा बिरुद्ध हामीले अभियान नै चलायौ ।' उनले थपिन् - 'यो अभियानमा अभिभावकहरूको सहयोग प्राप्त भयो । त्यसैले अहिले खुला रुपमा यस क्षेत्रमा कसैले पनि बालबिबाह गर्दैनन् ।' बाल संजालकी अध्यक्ष रिजालकाअनुसार स्थानीय प्रहरीले पनि चासो दिन थालेपछि खुला रुपमा बालबिबाह हुन रोकिएको हो ।



यस अघि खुला तवरले मागेरै बाल बिबाह हुने गर्दथ्यो ।

बाल बिबाह गरिदिँदा दाईजो कम लाग्ने तथा पठन-पाठनको खर्च जोगिने केही स्थानीयबासीको धारणा थियो । स्थानीय शुसिला पंजियारको भनाईमा तत्कालीन बेलवा गाविसका मुस्लिम, दलित, मुसहर, डुम, चमार, दुसादलगायतका केही घर परिवारमा यस्तो धारणा प्रबल थियो । उनले भनिन् 'त्यस समूदायमा बालबिबाहलाई अभिभावकको नैसर्गिक अधिकारको बिषय बुझ्ने मानसिकता थियो । बालमैत्री स्थानीय शासन लागू भएपछि बाल क्लब र बाल संजालको प्रयासमा राजनीतिक दल, स्थानीय प्रहरीलगायतको सहयोगबाट बाल बिबाह रोक्न सफल भएका छौ ।'

बेलवामा बालबालिका नै घर, समाजलाई परिवर्तन गराउने शक्तिको रुपमा देखा परेको बालमैत्री स्थानीय शासनकी स्थानीय सम्पर्क ब्यक्ति सोनम खड्काको बुझाई छ । बाल बिबाह स्वात्तै घट्नुमा बालबालिकाको अगुवाई रहेको उनको दाबी छ । ५ वर्ष अगाड़ी बाल बिबाहले ग्रस्त बनेको गाउँका तत्कालीन ९ वटै वडाहरूमा बाल क्लब तथा बालसंजाल क्रियाशिल छन् । खड्काले थपिन् 'बेलवामा बालबिबाहमा संलग्न अभिभावकहरू आफुले गरिरहेको गल्तीलाई यतिखेर पश्चाताप गरिरहेका छन् ।'

'बालबिहबाट उत्पन्न स्वास्थ्य समस्या पनि अहिले घटेको छ । बालबिवाहकै कारण महिलामा आङ्ग खस्ने समस्या हुने गर्दथ्यो । उमेर पुगेर बिहे गरेका महिलामा यस्तो समस्या देखिदैन । सुत्केरी गराउँदा आमा र बच्चा दुबैको ज्यान जाने खतरा हुन्थ्यो । अहिले यो समस्याबाट पनि समाजले पार पाइसकेको छ ।' स्वास्थ्य स्वयंसेविका गौरी देबी दहैत भन्दै थिइन्- 'बाल बिबाहकै कारण बालबालिका कुपोषित हुने खतरा टर्दै गएको छ ।' उनीभन्छिन् - 'यस्ता सबै समस्याबाट पनि बेलवाका किशोरीहरूले बिजय पाइसकेका छन् । खास गरेर बालिका धेरै पीडित भएको सन्दर्भलाई बालमैत्री स्थानीय शासनले बुझाउन सफल भएको छ । सबैभन्दा महत्वपूर्ण कुरा बालअधिकारबाट बञ्चित बालबालिकाले आफ्ना अधिकार लिन सकेका छन् ।

बालबिबाहकै कारण उनीहरूले पढ्ने, खेल्ने अधिकारबाट वञ्चित हुन्थे भने बिबाह पछि आर्थिक भार थपिएर गरीबिको भूमरीमा फस्थे । बाल बिबाह रोकिएपछि बालबालिकाहरूको उज्यालो भविष्य देखा परेको छ । यो खुशीको कुरा हो ।' तत्कालीन बेलवा गाविस बालमैत्री स्थानीय शासन उन्मुख गाविस हो । स्थानीय शासनको पुनर्संरचना पश्चात तत्कालीन बेलवा गाविस दुई वडामा बिभाजन हुन पुगेको छ । स्थानीय तह अन्तर्गतको गाउँपालिकाले बालमैत्री स्थानीय शासनका लागि कस्तो नीति अवलम्बन गर्ने भन्ने सन्दर्भ अहिलेका लागि योजनाकारकै गर्भमा रहे पनि स्थानीय बासीन्दा भने बालमैत्री स्थानीय शासन वडा तहमा भए पनि घोषणा गरेर यो अभियानलाई निरन्तरता दिनु पर्ने माग गरीरहेका छन् ।

*(मीरेष्ट लेखमालाबाट)*


SOS MANPOWER SERVICE (P) LTD.

www.sosmanpower.org

विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्

ISO 9001

Handphone : 9851024628

G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53

Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np


## हुरीले विद्यालयको छानो उडायो

२०७४ साल वैशाख ६ गते बेलुका अचानक आएको हावाहुरीको कारण सोलुखुम्बु जिल्ला दुधकैशीका गाँउपालिका वार्ड नं ९ कुरिमास्थित श्री लामुडाँडा आधारभूत विद्यालयको कक्षा ६,७ र ८ को छानो उडाई विद्यालयलाई क्षतिग्रस्त बनाएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छिरिङ तेन्जिङ शेर्पाले जानकारी गराएका छन् । शेर्पाले नयाँ शैक्षिक सत्र शुरु हुँदै गर्दा विद्यालयलाई भएको यो क्षतिले कक्षा सञ्चालन गर्न अप्ठेरो परेको बताएका छन् । कमजोर रहेको भवनसमेत काम नलाग्ने भएकोले यस भवनको सट्टा नयाँ बनाउने पहल गर्ने कि त्यसैलाई पुनः छाएर काम चलाउने हो ? सम्बन्धित निकाय, पूर्व विद्यार्थी..., शिक्षक अभिभावक, दात्री निकायलगायत समाजसेवी सबैमा शेर्पाले जानकारी गराएका छन् ।

कविता

## "आमालाई सम्झेर"

गोपीकृष्ण प्रसाईं





त्यो चुवा खोला सुसायो होला आमाको मायाले
त्यो टारको बारी मलिलो भयो कुट्मिरो छायांले
माथी छ खर्क तल छ बेंसी पारी छ गोर्जा टार
ती न्याना हातको स्पर्स मीठो सुन्दर यो चराचर!
हिँडेको तिमिले सक्रान्ती हाट्मा कल्पन्छु सम्झेर
मिथ्या यो संसार भेट्दिन कतै तिमिलाई खोजेर
त्यो नागी वर, नेवारे खोला खुवाको जङ्गल
मकै र भट्मास के दिन्थेउ तिमिले मन हुन्थ्यो मंगल !!
दुख र पिडा पहाडमा धेरै झापामा सरियो
हाङ्पाङ्गो मिठो पानीलाई सम्झी गहनै भरियो
रमाएरै बसिन ती प्यारी आमा शनिश्चरे हाटैमा
केही काल पछि ढलिगो देह मिलिगो माटैमा!!!
स्वर्गको मीठो कल्पना गरे ती अग्रज श्रष्टाले
देखेनन कतै त्यो पुनर्जन्म बिज्ञानका द्रष्टाले
तै पनि म त जपेरै बस्छु भागवत गीतालाई
हजारौं पुष्प चढाए मैले ती पुज्य मातालाई!!!
आमाको आत्मा बसेको होला बैकुण्ठ लोकैमा
ममता खोज्दै अपुरो मन डुब्छ नि शोकैमा
त्यो माई खोला त्यो अर्जुन धारा पवित्र धाममा
हृदय बाटै लाख बत्ति बले आमाको नाममा!!!

## मेरो प्रश्न सहिदको जवाफ

• दुर्गा राना

सहिद तिमी को हौ ?
म नेपाल आमाको सुपुत्र हुँ
म नेपाल खान खोज्ने कीराको शत्रु हुँ
म शोषितपीडित जनताको आवाज हुँ
म अत्याचारीको लागि चाटिलो कवाज हुँ
सहिद तिम्रो आहृतिमा के भयो ?
मेरी आमाको मुटु चुँडियो
छोराछोरीको उज्यालो भविष्य उड्यो
श्रीमतीको रातो सिउँदो उजाडियो
देशले अर्धप्रजातन्त्र जन्मायो ।
के तिम्रो सपना पूरा भयो त ?
अहँ भएको छैन ती नांगा आङहरु नांगै छन्
ती भोका पेटहरु अझै भोकै खुकुलै छन्
ती झुप्राहरुमा बत्ती अझै पनि मधुरै छन्
न्यायका निम्ति बुलन्द आवाज अझै चर्कंदै छन्
कुन बेला तिम्रो सपना पूरा हुन्छन् ?
प्रत्येक नवयुवक सही बाटोमा हिँडेपछि
हरेकले लाखौं आमाको सन्तति स्वीकारेपछि
देशका लागि आफूलाई पूर्णरुपले भाकेपछि
पूरै भूमि आफ्नै हो भनी स्वीकारेपछि ।

## आगो र पानी

रमेशचन्द्र बन्धु भट्टराई

आगो ओर्लिएर बल्दैन
उसको लप्का सधैंमाथि बल्छ
पानी तप्केर माथि चल्दैन
उसको तप्का सधैं तल झर्दछ ।

आगो, आगो हो
ऊ माथि मात्र बल्छ
पानी, पानी हो
ऊ तल मात्र बग्छ ।

हाम्रा नेता भनाउँदाहरु
कहिले माथि बल्दछन्
हाम्रा नेता भनाउँदाहरु
कहिले तलतिर बग्दछन् ।

नेता, नेता भइदिएको भए
उनीहरु सधैं माथि बल्थे
तर नेता नभई अभिनेता भएर
कहिले उनीहरु माथि बल्छन्
उधोमति लागेर
कहिलेकाहीँ उँधोतिर बग्छन्
आगो र पानी परिपूरक हैनन्
ती आफैंमा पर्यायवाची हैनन्
शत्रु पनि हैनन् मित्र पनि हैनन्
पञ्चतत्वमध्येका तिनीहरु हुन्
तर आगो सधैं माथि बल्छ
पानी पनि सधैं तलतिर बग्छ
हाम्रा नेता आगो हैनन्, पानी पनि
हैनन्

## जयमाता, जय भवानी

मातातिर्थ औंसी माता सम्मानदिवसको सन्दर्भमा



प्रकाश चालिसे

न देखे हजुरलाई, न पाएँहजुरलाई
हजुर हुनुहुदो रहेछ साच्चै, विश्वास लाग्ने मलाई,
हजुरको त्यो स्वर सुस्काईै रहेको
हजुरको त्यो मुहार मुस्काई रहेको,
भावनामाहजुर सधै बगिरहेको,
हजुरको त्यो चित्र मैले खिचिरहेको,

त्यो चित्रलाई शब्दमाउतारि दिनेछु
यसैले हजुरको दर्शन पाँउदा सौभाग्य सम्झने छु,
दयाको भकारी भित्रहजुर देखिन सक्नुहुन्छ रे
मैले साथमागे भित्रहजुर देखिन सक्नुहुन्छ रे
वारि घाम छ पारी बादल छ म त बिचैमा बसेको
हजुरको त्यो धितलाग्दो नाम"दुर्गा, भवानी"जपिरहेको,
यो वर्ष पनिअब झन्डै पाखालाग्नलागि सक्यो
हजुरको त्यो झझल्को आँखा अगाडि टल्की सक्यो,
यसैले हजुरलाई म नयाँवर्षमा स्वागत गर्छु
हे मातादुर्गा भवानीहजुरलाई हृदयमा सम्हाल्छु,
हजुरको त्यो अनुकम्पा, प्रेरणा, जागृति प्रेरित भइरहोस
हजुरबाट निरन्तर हामीलाई सधै सु-स्वास्थको आशिर्वाद प्राप्तभई रहोस !
जय माता, जय भवानी

# कोरियाली प्रायद्वीपमा तनाव



## विष्णु भट्टराई

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले उत्तर कोरियाको गतिविधिपछि आफ्ना मित्र शक्तिहरूसँगको वार्तालाई तीव्रता दिएका छन् । उत्तर कोरियाले छिटै विशेष क्षेप्यास्त्र प्रहार गर्न थालेको भन्दै ट्रम्प सक्रिय भएका हुन् । ट्रम्ले अमेरिकी हित र उसका मित्रशक्तिलाई सुरक्षा प्रदान गर्नु आफ्नो नीति भएको स्पष्ट पार्दै आएका छन् ।

उत्तर कोरियाको पारमाणविक सक्रियता बढेको भन्दै उनले जापानी प्रधानमन्त्री सिन्जो आबे र चिनियाँ राष्ट्रपति सी जिनपिङसँग फोनवार्ता गरेका छन् । जापान अमेरिकाको मित्रशक्ति हो भने चीन उत्तर कोरियाको विश्वासिलो मित्र हो । चीनको सहयोग नभई उत्तर कोरियालाई कारबाही गर्न असहज हुने भएकाले अमेरिकाले चीनसँग आफूलाई सहयोग गर्न आग्रह गर्दै आएको छ ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले उत्तर कोरियामा सैन्य आक्रमण गर्ने चेतावनीको उत्तरले कस्तो प्रतिक्रिया दिनेछ त्यो पनि स्पष्ट हुने सोलको कथन छ । ट्रम्पले उत्तरमा सैन्य आक्रमण गर्ने वा नेता किम जोङ उनलाई सत्ताच्युत गर्ने जस्ता धारणा सार्वजनिक गर्दै आएका छन् । अमेरिकी स्याटेलाइटबाट लिइएका तस्बिरमा उत्तर कोरियाका परमाणु परीक्षण स्थलमा सैनिक चहलपहल बढेको अमेरिकी दाबी छ ।

सन् १९५० सम्म उत्तर कोरिया एसियाको सबैभन्दा अधिक औद्योगिक देशमा एक थियो । तर आज उसको अर्थव्यवस्था निकै खस्किएको अवस्थामा छ । त्यतिमात्रै होइन अहिले उत्तर कोरियाली जनताको जीवन समेत कोरियाली प्रायद्वीपमा देखिएको तनाब र अमेरिकी युद्धपोतको तैनाथीले जोखिममा पारेको छ । यो तनाव परमाणु कार्यक्रम र लामो दुरीको मिसाइल विकसित गर्ने विषयले सिर्जना गरेको हो । उत्तर'कोरियाले पछिल्ला पाँच वर्षदेखि परमाणु तथा मिसाइल निर्माण तथा परीक्षणलाई तिव्रता दिएको छ ।

उत्तर कोरियासँग अलग अलग क्षमताका एक हजारभन्दा बढी मिसाइल रहेको अनुमान छ । यिनीहरुमा अमेरिकासम्म मार हान्न सक्ने क्षमताका मिसाइल समेत रहेको बताइन्छ । संसारका केही देशले मात्रै यस प्रकारका विकसित र महंगो प्रविधिका हतियार विकसित गरिरहेका छन् । यद्यपि उसले आफ्नो मिसाइल कार्यक्रममा कहाँबाट र कसरी पैसा खर्च गरिरहेको छ त्यो त्यति स्पष्ट छैन । पहिलो कुरा यसका लागि विदेशी मुद्राको जरुरत पर्दछ । उत्तर कोरियाले केही अत्याधुनिक विदेशी प्रविधि हाँसिल गरेको छ, यसमा केही सेनाको आवश्यकताका लागि हो । उत्तर कोरिया संसारका केही त्यस्ता देशमा पर्दछ, जहाँको अर्थव्यवस्थामाथि केन्द्र सरकारको नियन्त्रण कायम छ ।

अमेरिकी गुप्तचर एजेन्सी सीआईएको वेबसाइटमा उत्तर कोरियाको अर्थव्यवस्था करिब ४० अरब डलर बराबरको रहेको अनुमान लगाइएको छ । यो होन्डुरसको जत्तिकै ठूलो अर्थव्यवस्था हो । उत्तर कोरियाको कुल निर्यात करिब पौने चार अरब अमेरिकी डलर बराबर रहेको छ । करिब यतिको निर्यात मोजाम्बिक र युरोपकै सानोमध्ये एक देश सन मारिनोको पनि छ । जुन वस्तुको निर्यात उत्तर कोरियाले गर्दछ, त्यसमा खनिज, धातुबाट बनेका सामान, युद्ध सामग्री, कपडा, कृषि उत्पादन र माछा पर्दछन् । तर सवाल यो हो कि ल्याटिन अमेरिकाका गरिब देशको अर्थव्यवस्था भएको एक देश परमाणु कार्यक्रमको खर्च कसरी उठाउन सक्छ ? उत्तर कोरियाको प्रतिव्यक्ति क्रयशक्ति करिब १८ सय अमेरिकी डलरको छ, जुन रुवान्डा र हाइटीजस्ता देशको बराबर हो । यस मामलामा ऊ २३० देशको सूचीमा २०८ नम्बरमा रहेको छ ।

उत्तर कोरियामा सन् १९९० को दशकमा भारी भोकमरीको अवस्था सिर्जना भएको थियो । यसबाट मुक्त हुनका लागि उसको अर्थतन्त्रलाई धेरै समय लाग्यो । सन् २००९ सम्म उसलाई अन्तर्राष्ट्रिय समुदायबाट खाद्य सहयोग प्राप्त नहुँदासम्म निकै कठिन बनेको थियो । यद्यपि हाल उसको घरेलु कृषि उत्पादनमा सुधार भएको छ । अब प्रश्न उठ्छ कि यसको खरिदकर्ता को हो ? चीन उत्तर कोरियाको मुख्य राजनीतिक सहयोगी हो । चीन उसको कुल उत्पादनको ५४ प्रतिशत किन्छ भने दोस्रो स्थानमा अल्जेरिया छ जसले उत्तर कोरियाको ३० प्रतिशत सामान खरिद गर्दछ । यसको अलावा उत्तर कोरियाको निर्यातको १६ प्रतिशत दक्षिण कोरिया जान्छ ।

उत्तर कोरियाको छिमेकी राष्ट्र दक्षिण कोरियासँग उसको पुरानो टकराब रहेको छ । यति ठूलो टकराव एक अर्कोदेशबीच दोस्रो विश्वयुद्धपछि पहिलोपटक देखिएको हो । यसका बाबजुद दुवै देशलाई आफ्नो आर्थिक हितलाई बढावा दिइरहेका छन् । उत्तर कोरियामा दक्षिण कोरियाको लगानी उसको विदेशी मुद्राको महत्वपूर्ण स्रोतमा एक हो । दक्षिण कोरियाको सबैभन्दा महत्वपूर्ण लगानी केसाङ्ग औद्योगिक कम्प्लेक्समा छ ।

उत्तर कोरियामाथि अमेरिकी हमलाबाट उब्जिने स्थितिको सामना गर्न चीनले सतर्कता अपनाएको छ । उसले पछिल्लो समय उत्तर कोरिया सीमामा करिब डेढ लाख सैनिकलाई तैनाथ गरेको छ । पिपल्स लिबरेसन आर्मी फोर्सको मेडिकल र ब्याकअप युनिटलाई चीन-उत्तर सीमामा रहेको यालु नदीको किनारामा तैनाथ गरिएको चिनियाँ सञ्चार माध्यमले जनाएका छन् । यता ट्रम्पले अमेरिका एक्लैले कारबाही गर्न तयार भएको जनाएपछि उत्तर कोरिया र अमेरिकाबीचको विवाद थप उत्कर्षमा पुगेको छ । यही बेला अमेरिकी उपराष्ट्रपति एसियाको भ्रमणमा एयर फोर्स-२ लिएर निस्किएका बेला उत्तरले क्षेप्यास्त्र परीक्षण गरेर अमेरिकालाई खुला चुनौती दियो । उत्तर कोरियाली नेता किमका बाबुको जन्म जयन्तीको अवसरमा प्योङयाङमा सैन्य परेडको प्रदर्शन भयो । उत्तर कोरियाको शक्ति परीक्षणका रूपमा आएको प्रदर्शनको चर्चा विश्वभर भयो । यति मात्र होइन, उत्तर कोरियाको सैन्य प्रदर्शनसँगै अमेरिकी राष्ट्रपति पेन्स पनि चर्चामा छन् किनकि उनका पिता एडवार्ड पेन्स जुनियरले कोरियाली युद्ध लडेका थिए । त्यसको ६४ वर्षपछि उपराष्ट्रपतिका रूपमा उनी यही क्षेत्रको परिक्रमा गर्दै छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियालाई आफ्नो आणविक तथा क्षेप्यास्त्र परीक्षणको कार्यक्रमलाई रोक्न भन्दै चेतावनी दिइरहेका बेला उत्तरले आणविक आक्रमणको बदला आणविक आक्रमणबाटै दिने जवाफ फर्काएको छ । उत्तर कोरियाको मित्रशक्तिका रूपमा रहँदै आएको चीन र अमेरिकाबीच कोरियाली प्रायद्वीपको विषयलाई लिएर पटकपटक विवाद उत्पन्न हुँदै आएको छ । उत्तर कोरियाको विषयलाई लिएर अमेरिका, चीन र रुसबीचमा दुई दशकदेखि समस्या समाधान भने हुन सकेको छैन । उनीहरूबीच एक किसिमको मुडभेटको स्थितिसमेत सिर्जना हुँदै आएको छ । प्रोजेक्ट सिन्डिकेटका लागि प्राध्यापक मिखाइल मेन्डेलवम लेख्छन्, 'दुई दशक लामो समयमा पटकपटक भएका छलफलका बावजुद पनि उत्तर कोरियाको आणविक हतियार कार्यक्रमले विश्वलाई करिब ६० वर्ष पहिले अमेरिका र सोभियत संघबीच युरोपमा एकआपसमा मुठभेड गर्दा पश्चिमा राष्ट्रहरूले बेहोरेको जस्तो रणनीतिक ऐतिहासिक संकटतिर धकेलिइरहेको छ ।' वास्तवमा नै अमेरिका तथा पश्चिमा मुलुकहरूका लागि उत्तर कोरियाको आणविक कार्यक्रम टाउको दुखाइको विषय बन्दै आएको छ ।

अमेरिका र सहयोगी मुलुक २० औं शताब्दीमा युद्धविना नै युरोपको समस्यालाई सहज रूपमा सन्तुलनमा ल्याउन सफल भएका थिए । तर, आज पूर्वी एसियामा तुलनात्मक सफलता पाउन अमेरिकी राष्ट्रपति ट्रम्पले चिनियाँ राष्ट्रपति सीलाई उत्तर कोरियाबारे नयाँ नीति अवलम्बन गर्न मनाउन आवश्यक देखिन्छ । अमेरिकालगायत विश्वले उत्तर कोरियामाथि आर्थिक प्रतिबन्ध लगाउँदै गर्दा चीनले उत्तर कोरियाको उत्पादनलाई आयात र आवश्यक सामग्रीको निर्यात गर्दै आएको छ । यस दृष्टिमा पनि चीन उत्तर कोरियाको प्रमुख आर्थिक साझेदारका रूपमा रहँदै आएको छ । हिजो देखिएको सोभियत संघ र अमेरिकी महाद्वीपबीचको आणविक युद्ध अहिले कोरियाली प्रायद्वीपमा फैलिएको छ । अमेरिकाका लागि अहिले रुसभन्दा पनि कोरियाली प्रायद्वीप टाउको दुखाइएको विषय बनेको छ ।

उत्तर कोरियाको आणविक हतियार कार्यक्रमले सन्तुलनमा रहेको वातावरणलाई बिगार्न सक्छ । उत्तर कोरियाले पछिल्ला दिनमा लामो दूरीमा हान्न सक्ने क्षेप्यास्त्रको लगातारको परीक्षणले अमेरिकालाई पनि झस्काएको छ । उत्तरले विकास गरेका नयाँ हतियारले अमेरिकाको पश्चिमी सामुद्रिक क्षेत्रलाई निशाना बनाउन सक्छ । केही दिनअघि दक्षिण कोरियामा उत्रिएपछि पेन्सले दक्षिण कोरियासहितका मित्र राष्ट्रहरूप्रति आफ्नो प्रतिबद्धता दोहोर्‍याए र उत्तर कोरियाको मामिलामा 'रणनीतिक धैर्यको युग समाप्त भएको' घोषणा गरे । तर, लगत्तै उत्तर कोरियाका उपविदेशमन्त्रीले आफूले ' हप्तैपिच्छे, महिनैपिच्छे र वर्षैपिच्छे' क्षेप्यास्त्र परीक्षण गर्ने बताउँदै अमेरिकी धम्कीबाट आफू अविचलित रहेको सन्देश दिए ।



विगतमा अमेरिकी सुरक्षाविद्ले यस किसिमको नतिजालाई अस्वीकार्य बताएका थिए र सन् २००६ मा तत्कालीन अमेरिकी रक्षामन्त्री विलियम पेरी र एस्टन कार्टरले वासिङटन पोस्टमा यदि उत्तर कोरियाले देशको कुनै पनि भागमा अमेरिकामाथि आक्रमण गर्न सक्ने आणविक हतियार तयार गरेको पाएमा अमेरिकाले कुनै पनि बेला यसलाई ध्वस्त गरिदिनुपर्ने बतएका थिए । यसो गर्नु दक्षिण कोरिया, जापानका साथै अमेरिकाका लागि खतरनाक हुन्छ । एवीएम सम्झौताबाट पछि हट्दै अमेरिकाले क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली तैनाथ गर्न लागिसकेको छ । रसियाजस्ता शक्तिशाली मुलुकले चाहेमा यो अर्थहीन बन्न सक्छ तर साना खालका हतियार नष्ट गर्न यो सफल हुन सक्छ । यसले पनि दक्षिण कोरिया, जापानजस्ता मुलुकमा नराम्रौ प्रभाव छोड्न सक्छ ।

तत्कालीन अवस्थामा फ्रान्सले गरेजस्तो जापान, दक्षिण कोरिया र ताइवानले आफ्ना आणविक हतियारको छिट्टै विकास गर्न सक्छन् तर यो प्रत्युत्पादक पनि हुन सक्छ । यसमा चीनले उत्तर कोरियाविरुद्ध आणविक कार्यक्रमका विषयमा अडान लिने हो भने खाद्यान्न तथा इन्धनमा पूर्णतया चीनसँग आश्रित उत्तर कोरिया आफ्ना गतिविधिलाई घटाउन बाध्य हुनेछ । तर, पनि यस विषयमा चीनले अमेरिकाको पक्ष लिने अवस्था भने अहिले नै आइपुगेको छैन ।

सन् १९५६ पछि तत्कालीन सोभियत युनियनको सहायतामा आणविक कार्यक्रम सुरु गरेको उत्तर कोरियाले २००२/२००३ देखि यसलाई तीव्रता दिँदै आएको छ । त्यस क्रममा अमेरिकाको बुस प्रशासनले उत्तर कोरियामाथि लगाएको प्रतिबन्ध र उसले घोषणा गरेका 'एक्सिस अफ इभिल' घोषणाले थप बढावा दिएको हो । उत्तर कोरियाले सन् २००६ मा पहिलो आणविक परीक्षण गरेको थियो । त्यस यता उसले आधुनिकतासमेत थपिएका थप पाँचवटा आणविक परीक्षण गरिसकेको छ । उत्तर कोरियाले विकास गरेको हतियारले तथा आणविक शक्तिले अमेरिका सम्ममा नै प्रहार गर्न सक्ने क्षमता राख्ने विश्वास गरिन्छ ।

लामो सयमदेखि अमेरिकी नाकाबन्दीको सामना गरिरहेको उत्तर कोरियाका लागि उसको शक्ति भनेकै आणविक हतियार हो । संयुक्त राष्ट्र संघले आफूमाथि लगाएको आर्थिक नाकाबन्दीको बाबजुत पनि उत्तर कोरियाले आफ्नो आणविक क्षमता र हतियारको भण्डारणलाई भने रोकेको छैन । उत्तर कोरियालाई आफूसँग आणविक हतियार नभएको अवस्थामा पहिल्यै अमेरिकाको सिकार बन्ने राम्ररी बुझेका कारण विवाद र चुनौतीबीच पनि आणविक हतियारको उत्पादनलाई निरन्तरता दिएको छ ।

राष्ट्रवादी नाराका साथ अमेरिकी सत्तामा आएका डोनाल्ड ट्रम्पले पहिले अमेरिका बनाउने लक्ष्य लिएका छन् । उनको यो लक्ष्यले विश्व व्यापीकरणलाई भन्दा पनि अमेरिकालाई प्राथमिकतामा राखेको छ । उनको यो नीतिले उत्तर कोरियाप्रति ट्रम्पको नजर घट्ने अपेक्षा गरिएको थियो । तर, उनले त्यो नीतिमा परिवर्तन गरेको देखिएन । उनले आफ्नो राष्ट्रवादी सोचभन्दा पनि अघिल्ला अमेरिकी प्रशासनको नीतिलाई नै अगाडि सार्दै आएको देखिन्छ । चीनसँगको व्यापार तथा कूटनीति होस यो उसको गठबन्धन सैन्य कारबाहीको विषयमा होस् उसले आफ्नो पुरानो नीतिलाई भने बदलेको छैन । उत्तर कोरिया समस्या समाधानका लागि ट्रम्पले चालेका कादमहरू पर्याप्त छैनन् । ट्रम्पले उत्तर कोरियाको समस्या समाधानका लागि चीनसँग सहकार्य गरेर अगाडि बढ्न त चाहन्थ्यो तर सफल भएन । उनले चीनले साथ नदिए आफू एक्लैले समस्या समाधान गर्न सक्ने धम्की पनि दिएका थिए । उत्तर कोरियालाई चेतावनी स्वरूप अमेरिकी उपराष्ट्रपति पेन्सले अमेरिकाको धैर्यको परीक्षा नलिनसमेत चेनावनी दिएका छन् । उनले उत्तर कोरियालाई सहज रूपमा परास्त गर्ने बताउँदै सिरिया र अफगानिस्तानको पछिल्लो आक्रमणप्रति संकेत गरेका छन् । अमेरिकाको पछिल्लो चेतावनी र उत्तर कोरियाको लगातारको क्षेप्यास्त्र परीक्षणले यस प्रायद्वीपको शान्ति र सुव्यवस्थालाई दोहोर्‍याउने देखिन्छ ।

ट्रम्प उत्तर कोरिया समस्या समाधानका लागि चीनको सहयोग चाहन्छन् । तर, पनि कोरियाली प्रायद्वीपमा चीनले अमेरिकाको उपस्थिति स्वीकार गर्दैन । यसलाई बुझेका ट्रम्पले चीनको सहयोगविनै कोरियाली समस्या समाधान गर्ने दाबी नगरेका पनि होइनन् । तर, पनि उनी आफैंलाई यो समस्या समाधानका लागि अमेरिका एक्लैको प्रयास पर्याप्त छैन भन्ने स्पष्ट छ । त्यसैले, पनि उनी चीनको सहयोग लिन चाहन्छन् । कोरियाली प्रायद्वीपको भूराजनीतिमा चीन प्रमुख खेलाडी हो । चीनको इच्छाअनुसार पनि यस क्षेत्रको भूराजनीतिले मार्ग पहिल्याउँछ । उत्तर कोरियाका लागि चीन प्रमुख व्यापारिक क्षेत्र हो । त्यति मात्र होइन चीनका लागि उत्तर कोरिया प्रमुख कोइला निर्यातक देश हो । चीनले उत्तर कोरियाबाट कोइला आयातमा कमी गरेको छ भने तेल निर्यात बन्द गर्ने धम्की पनि दिएको छ । तर, पनि यसले उत्तर कोरियालाई त घाटा छ नै तर पनि चीनलाई पनि रहनेछ । आफ्नो प्रमुख कोइला निर्यातकर्तासँगको सम्बन्धले समेत चीनको अर्थतन्त्रलाई समेत प्रभाव पार्नेछ । 'सूर्य दिवस' अर्थात् किम इल सुङको १०५औं जन्मदिवसमा आयोजित यस वर्षको सैन्य परेडमा पनि चिनियाँ प्रतिनिधि उपस्थित भएनन् । यस अगाडिका सबै दिवसमा चिनियाँ उपस्थिति रहँदै आएको थियो । चीनले आफ्नो भूरणनीतिक स्वार्थलाई मध्यनजर गर्दै उत्तर कोरियासँग सम्बन्ध राख्ने निश्चित छ ।

कुनै जमानामा दुई ध्रुवको प्रतिनिधित्व अमेरिका र रुसले गर्दै आएका थिए । अहिले परिवेश अलि बदलिएको छ । विश्वको एक ध्रुव सोभियत युनियनको विघटन भइसकेको छ । यस्तो अवस्थामा विश्व एक ध्रुवीय परिवेशमा पसेको थियो । तर, अहिले यो अवस्थामा समेत बदलाब हुँदै आएको छ । चीन उदाउँदो शक्तिका रूपमा आर्थिक अवस्थाले अमेरिका भन्दा अगाडि आइसकेको छ । यसको संकेत चिनियाँ राष्ट्रपति सीले दिएका छन् । डाभोसमा आयोजित 'वर्ल्ड इकोनोमिक फोरम' मा चिनियाँ राष्ट्रपति सी जिनपिङले आफू विश्वको नयाँ नेतृत्वका लागि तयार भएको स्पष्ट रूपमा संकेत दिए । कोरियाली प्रायद्वीपमा हुने विवादले चीनको शान्ति सुव्यवस्थामा समेत असर गर्ने कुरामा चीन सतर्क छ । ***एजेन्सीहरुबाट***

# रोचक संसार

## कारको लागि चुम्बन




हालै सोसल मिडियामा कार जित्ने एक अनौठो मामिलाले खुबै चर्चा पायो । उक्त प्रतियोगितामा पैसा खर्च गर्नु थिएन, केवल चुम्बन गरे पुग्दथ्यो । त्यो पनि लगातार ५० घण्टा । उक्त प्रतियोगिता जितिन् ३० वर्षकी दिलिनी जयसूर्याले । ती महिलाले यो सावित गरिन् की यदि कुनै कुराको अठोट लिनेहो भने असम्भव भन्ने केही छैन । प्रतियोगिताको नियम निकै सजिलो थियो । नियमानुसार जसले अन्तिम समयसम्म कारलाई चुम्बन गर्दथ्यो उहीँ विजेता बन्दथ्यो र कार चुम्बन गरेको कार पुरस्कार पाउँथ्यो । अमेरिकाको टेक्सासको अस्टिनमा भएको हो यो अनौठो प्रतियोगिता । एक्क ब एछ नाम उक्त प्रतियोगितामा कारलाई ५० घण्टासम्म चुम्बन गरेर जयसूर्याले किया अप्टिमा एलएक्स कार जितिन् ।

## घाँसपात खाएर जीविका



पाकिस्तानमा ५० वर्षका मेहमूद बट पछिल्लो २५ वर्षदेखि रुखका पात, घाँस तथा काठ खाएर बाँचिरहेका छन् । २५ वर्षअघि गरिबीको कारण घरमा खाने अन्न तथा अन्य खानेकुरा नहुँदा उनले मिठो लाग्ने रुखका पात, घाँस तथा काठहरु खाएर छाक गुजार्थे । सडकमा बसेर मागेर खानु भन्दा घाँसपात खाएरै प्राण धान्नु आफुलाई उत्तम लागेकाले त्यसो गरेको उनी बताउँछन् । घाँसपात तथा काठले छाक गुजार्दै जाँदा उनको त्यसैमा लत बस्यो । पछि उनले केही कमाई गरे र हातमुख जोर्ने जोहो गर्नसक्ने भए । तर घाँसपात र काठ खाने उनको लत भने छुटाउन सकेका छैनन् । उनले अहिले आफ्ना गधा गाडामा सामान ओसार्ने काम गर्छन् र दिनमा ६ सय पाकिस्तानी रुपैयाँ जति कमाउँछन् । तर उनको ध्यान मिठो मिठो खानेकुरा किनेर खानेमा भन्दा पनि कुन रुखमा राम्रा र कलिला पात पलाएका छन् ?


## संसारकै सुन्दर महिला



उत्तरी पाकिस्तानको काराकोरम पहाडको हुन्जा उपत्यकामा बस्ने हुन्जा समुदायका महिलाहरु दुनियाकै सबैभन्दा सुन्दर महिला हुन् भन्दा फरक पर्दैन । यो समुदायका महिलाहरु वास्तवमै निके सुन्दर छन् र उनीहरुको सुन्दरताको चर्चा दुनियाभर हुन्छ । हुन्जा समुदायका मानिसहरु सबैभन्दा लामो आयु भएका, खुसी, सुखी तथा स्वस्थ मानिसको रुपमा मानिन्छ । यो समुदायका मानिसहरु कहिल्यैपनि बिरामी हुँदैनन् । यो समुदायका मानिसमा कसैलाई पनि क्यान्सर छैन र यो समुदाय क्यान्सर प्रतिरोधी भएको ठानिएको छ । यो समुदायका महिलाहरु १ सय ६० वर्षसम्म मज्जाले बाँच्छन् । यहाँको औषत आयु नै १२० वर्ष छ । यहाँ ६५ वर्षका महिलाले समेत बच्चा जन्माउँछन् ।

हुन्जा समुदायले आफुलाई सिकन्दरका सेनाका सन्तान मान्दछन् । चौथो सताब्दीमा उनीहरु त्यहाँ आएका हुन् ।

## धुनै नपर्ने कट्टु



सैनिकका लागि गज्जबका कट्टु आविष्कार गरेको छ । अमेरिकामा सैनिकलाई यस्ता कट्टु दिइन्छ जो धुनै पर्दैन अर्थात् आफै सफा हुन्छ । खासगरी मरुभूमि क्षेत्रमा खटिने सैनिकलाई ध्यानमा राखी यस्तो कट्टु बनाइएको हो, जहाँ धूलो तथा पसिनाका कारण सैनिकहरुलाई ब्याक्टेरियाको संक्रमण हुने खतरा धेरै हुन्छ । यी विशेष कट्टुलाई नधोइकन पनि हप्तौं सम्म लगाउन सकिन्छ ।

विशेष प्रविधिबाट बनाइएका यी कट्टुमा माइक्रोवेबको सहायताले कपडामा नानो पार्टिकल्स फसाइन्छ । उक्त नानो पार्टिकल्स पानी, तेल, ब्याक्टेरिया तथा धूलोसँगै जोडिन्छ । कपडामा हुने रसायनले ब्याक्टेरियालाई नष्ट गरेर दबाब सिर्जना गर्छ, जसबाट दुर्गन्ध पनि बाहिर आउँछ ।

अमेरिकी सेनाले यो प्रविधिको कट्टु उत्पादनका लागि २ करोड डलर भन्दा धेरै खर्च गरेको छ । अनुसन्धानकर्ताका अनुसार मरुभूमि क्षेत्रमा खटिने सैनिक मध्ये जति सैनिक दुर्घटना तथा लडाइँमा मरेका हुन्छन् त्यसभन्दा धेरै सैनिकको मृत्यु फोहोर कपडा तथा संक्रमणका कारण हुने गर्दछ ।

## ऋण दिने मन्दिर



मन्दिर भन्ने बित्तिकै फूल, प्रसाद, अक्षता चढाएर भगवानको पुजाआजा गर्ने र आशिर्वाद माग्ने वा मन शान्ति पार्ने ठाउँ भन्ने बुझिन्छ । तर एउटा यस्तो मन्दिर पनि छ जहाँ भगवानबाट आशिर्वाद मात्र पाइँदैन मन्दिरबाट ऋण पनि पाइन्छ ।

भारतको हिमाचलस्थित सिमला, सिरमौर, किन्नौर तथा लाहैल स्पितीमा छ । त्यहाँ आवश्यक परेका मानिसहरुले सजिलै सँग कर्जा लिन पाउँछन् ।

मन्दिरबाट ऋण लिने परम्परा सदियौं पूरानो हो । मन्दिरले दिने ऋण एक वर्षमै चुक्ता गर्नुपर्दछ । त्यसरी लिएको ऋणको केवल २.३ प्रतिशत मात्र व्याज तिर्नुपर्दछ । ऋणीको आर्थिक अवस्था निकै कमजोर भएमा मन्दिरका प्रबन्धकले निर्णय गरी ऋण माफी प्नि गरिदिन सक्दछन् ।

ऋण दिने बेलामा व्यक्तिलाई आवश्यक छ की छैन भन्ने हेरिन्छ न की ऋणीले ऋण चुक्ता गर्ला की नगर्ला, वा ठगी गरेर भाग्ला की भन्ने सोँच राखिँदैन । भगवानलाई कसैले धोका दिँदैन भन्ने विश्वास गरिन्छ ।

मन्दिरमा नगद मात्र होइन अन्नपात पनि ऋणको रुपमा पाइन्छ । नगदमा लिएको ऋण नगदै चुक्ता गर्नुर्पछ भने अन्नपातको ऋण अनाजकै रुपमा ।

## एडिडास जुत्ताको रहस्य



एडिडास कम्पनीको स्थापना ९२ वर्ष पहिले अर्थात् सन् १९२४ मा भएको हो । तर ११ सय वर्ष पहिले मरेकी एक महिलाको खुट्टामा समेत 'एडिडास जुत्ता' फेला परेपछि त्यसले तहल्का मच्चाएको छ ।

मंगोलियामा ११ सय वर्ष पहिले मृत्यु भएकी एक महिलाको शव अर्थात् ममी फेला परेको छ । उक्त ममीको सरीरमा यस्ता केही चिजहरु फेला परेका छन् जुन देखेर वैज्ञानिकहरु पनि अचम्ममा परेका छन् र ती चिजहरुले सोच्न बाध्य पारेका छन् ।

उक्त मानव अवशेषको खुट्टामा वैज्ञानिकहरुले एडिडास कम्पनीले उत्पादन गर्ने जस्तै मोडेलका जुत्ता लगाएको फेला पारे । ११ सय वर्ष प्हिले मरेको मानिसको खुट्टामा अहिले एडिडास कम्पनीले बनाउने जस्तै जुत्ता भेटिएपछि सबै छक्क नपर्ने कुरै भएन । वास्तवमा उक्त मानव अवशेषको खुट्टामा भेटिएका रातो(कालो रंगका बुट जुत्ता सुरुमा झ्वाट्ट हेर्दा अहिलेका एडिडास जुत्ताको एउटा मोडेल जस्तै देखिन्छ दुरुस्तै । यसबाट अहिलेका एडिडास कम्पनीले बनाउने अत्याधुनिक जुत्ताहरुका मोडेल त ११ सय वर्षअघि नै मानिसहरुले लगाउने गर्दा रहेछन् भन्ने देखिन्छ ।

## दाँतैले ६ वटा इँटा उचाल्ने



हालैका दिनहरुमा पाकिस्तानका एक युवक सोसल मिडियामा खुबै चर्चामा छन् । उनको यो प्रसिद्धिको कारकतत्व चाहीँ उनका शक्तिशाली दाँत हुन् । सैयद ताहिर नामका २१ वर्षे ती ठिटाले आफ्ना दाँतले ६ वटा इँटा उठाउँछन् । दाँतमा इँटा अठ्याएर उनी केहीबेर हिँड्छन् पनि । कसैले ताहिरको उक्त अद्भुत क्षमताको भिडियो खिचेर यु ट्युबमा हालिदिएपछि उनको चर्चा चुलिएको छ । उक्त भिडियो यु ट्युबमा खुबै हेरिएको छ ।

पाकिस्तानी मिडियाका अनुसार सैयद ताहिर पन्जाब प्रान्तको रसूलका बासिन्दा हुन् । उनी कलेज पढ्दा पढ्दै छाडेका युवक रहेको बताइएको छ ।

***एजेन्सीहरुबाट***

प्रेरक

## मण्डेलाको महानता



दक्षिण अफ्रिकामा गोराहरुद्वारा भेदभाव गरिएका, सताइएका र अधिकारविहीन बनाइएका कालाजातिलाई मुक्त गर्न नेल्सन मण्डेलाले रंगभेद नीतिका विरुद्ध सशस्त्र आन्दोलन सुरु गरे । अफ्रिकी राष्ट्रिय कांग्रेसका अध्यक्ष रहेका मण्डेलासँग त्यहाँको गोरा सरकार सशंकित भयो । मण्डेलालाई गिरफ्तार गऱ्यो र झन्डै तीन दशकसम्म जेलमा बन्दी बनायो । मण्डेलालाई बन्दी बनाएर आन्दोलन तुहाउने गोरा शासकको षड्यन्त्र सफल भएन । मण्डेलाकै प्रेरणाले लाखौं लाख कालाजातिहरु रंगभेदविरोधी आन्दोलनमा होमिए । आखिर गोरा शासकहरुको सत्ता नै हल्लियो । मण्डेलालाई जेलमुक्त गरियो ।

तत्कालीन राष्ट्रपति क्लार्कले मण्डेलालाई राष्ट्रपति बन्न अनुरोध गरे । जवाफमा मण्डेलाले भने- मलाई युद्धको मात्र अनुभव छ । युद्ध कसरी लड्नुपर्छ भन्ने मात्र मलाई थाहा छ । शासन सत्ता कसरी चलाउने भन्नेबारेमा त तपाईं नै अनुभवी हुनुहुन्छ । मण्डेलाको महानता देखेर राष्ट्रपति क्लार्क अवाक बने । उनले भने- म तपाईंलाई सत्ता चलाउन अवश्य सहयोग गर्नेछु । म उपराष्ट्रपतिमा रहेर तपाईंलाई सहयोग गर्न चाहन्छु । मण्डेलाको त्यागले क्लार्कलाई पनि राष्ट्रपति पद त्याग गर्न प्रेरित गऱ्यो । जनताको चाहना र मागलाई सम्बोधन गर्न एक कार्यकालका लागि मात्र मण्डेला राष्ट्रपति बन्न राजी भए । राष्ट्रपति डि.क्लार्क उपराष्ट्रपति भएर दक्षिण अफ्रिकाको विकास र उन्नतिमा सहभागी भए । दक्षिण अफ्रिका अहिले समुन्नत राष्ट्र बनेको छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
अर्थअभावले काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । खर्च लागे पनि टाढाको यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । दिगो फाइदा हुने काममा लगानी गर्ने अवसर जुट्न सक्छ । चुनौतीहरू पन्छाउँदै रोकिएका काम सम्पादन गर्न सकिनेछ । भैपरी आउने समस्याले खर्च गराए पनि सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा नै हुनेछ । शुभचिन्तकहरूको सुझावलाई ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
सामान्य फाइदा भए पनि आयआर्जनमा लक्ष्य प्राप्त गर्न नसकिएला । विशेष उपायले पनि न्यून लाभ मात्र दिलाउनेछ । सरसापटमा खर्च हुन सक्छ । ईर्ष्या गर्नेहरूले बाधा पुर्‍याउन सक्छन् । आफ्नो लाभांश अरूले हत्याउने चेष्टा गर्नेछन् । चिताएको काम सजिलै सम्पादन नहुन सक्छ । गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
विशेष काममा जग बसाउने अवसर जुट्नेछ । तर व्यवहारमा नैतिक संकट भने देखापर्न सक्छ । केही असहज परिस्थिति समेत सामना गर्नुपर्ला । अरूको विश्वास जिते पनि आफ्नाले धोका दिन सक्छन् । अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ने परिस्थिति आउन सक्छ । तथापि मिहिनेत गर्दा कर्मफल प्राप्त हुनेछ । लगनशीलताले सम्मानित स्थान दिलाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला । जिम्मेवारी भने बढिरहनेछन् । सहयोगको आशा देखाउनेहरूबाटै धोका हुन सक्छ । अरूका काममा श्रम तथा बुद्धि खर्चनुपर्ला । अप्ठ्यारा परिस्थिति आए पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । धार्मिक अनुष्ठान र मंगलमय कृत्य सम्पादन हुनेछन् भने सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
सानातिना काम तथा घरेलु समस्यामै अल्झनुपर्ला । अर्थ अभावले योजना स्थगित हुन सक्छ । व्यवसायमा लक्ष्यअनुसारको उपलब्धि प्राप्त नहुन सक्छ । स्वास्थ्यमा कमजोरी र उपचारमा खर्च हुने योग छ । अध्ययनमा समय दिन नसकिएला । लेनदेनको विवादले हानि पुर्‍याउन सक्छ । पहिलेका समस्या दोहोरिन सक्छन् । फाइदाका लागि योजना गोप्य राख्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् । छोटो समयमा फाइदा उठाउन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले काममा उत्साह जगाउला । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ । रमाइलो यात्रा हुन सक्छ । सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । परिवारजनको साथले उत्साह जगाउनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)**
पहिलेका समस्या दोहोरिन सक्छन् । काम बिग्रने भयले सताउन सक्छ । सामान्य घरेलु कामले अल्झाउन सक्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । परिस्थितिसँग केही सम्झौता गर्नुपर्ने पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । हठ गर्ने बानीले दुःख पाइएला ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
अप्रिय समाचारले मन खिन्न हुनेछ । खानपानको असावधानीले स्वास्थ्य कमजोर बन्ला । पढाइलेखाइमा समय दिन नसकिएला । व्यावसायिक काममा त्यत्ति फाइदा नहोला । काममा अवरोध आउन सक्छ । अरूको फाइदाका लागि उपयोग भइएला । काम बिग्रने डरले सताइरहनेछ । तापनि, शुभचिन्तकहरूले साथ दिनेछन् भने चिताएका काम बिस्तारै सम्पादन हुनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ । पशु र कृषिबाट सोचेको लाभ नउठ्न सक्छ । बेसुरमा वचन दिनाले दुःख पाइनेछ । साथीभाइले साथ नदिन सक्छन् । पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ । परिवारमा आमाको माध्यमबाट काम बनाउन सकिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । सहयोगीहरू पछि हट्नाले काममा चुनौती देखिएलान् । आर्जित धन खर्च हुन सक्छ । तापनि लगनशीलताले विभिन्न अवसर दिलाउन सक्छ । अरूको सहयोगभन्दा आफ्नै प्रयासले लाभ मिल्न सक्छ । प्रतिस्पर्धीहरूबाट सजग रहनुहोला । पहिलेका कर्मको प्रतिफल पाइनेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
बोलीको गलत अर्थ लाग्ने र लेनदेनमा समेत विवाद बढ्ने सम्भावना छ । व्यापारमा लाभांश कममात्र प्राप्त हुनेछ । विगतको श्रमबाट भने लाभ हुनेछ । अध्ययनमा त्यति समय दिन नसकिएला । काममा रोकावट र मानसम्मानमा आघात पुग्ने समय छ । सहयोगीहरूले पनि त्यत्ति साथ नदेलान् । अरूले आलोचना गर्न सक्छन् । आफ्ना कमजोरीमाथि टिप्पणी हुने देखिन्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ भने नयाँ कामको प्रस्ताव प्राप्त हुनेछ । अघिल्लो नतिजाले काममा हौसला जगाउनेछ । पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ । आवश्यक पर्दा सहयोगीहरू प्रशस्तै भेटिनेछन् ।

## अभिनेता सिंहको अल्पायुमै निधन



चरित्र अभिनेता एवं चलचित्र निर्माता प्रदीप सिंहको ५१ वर्षको उमेरमा निधन भएको छ । उनले दर्जनौं नेपाली चलचित्रमा कुशल अभिनय गरेका थिए । चलचित्र कलाकार संघका पूर्वकार्य समिति सदस्यसमेत रहेका सिंहको उपचारको क्रममा भारतको कोलकातास्थित 'कोलकाता मेडिकल एन्ड रिसर्च सेन्टर' मा गत शुक्रबार निधन भएको हो । १२ वैशाख २०७२ को विनाशकारी भूकम्पमा परेका उनको सोही क्रममा दुवै मिर्गौलाले काम गर्न छाडेको थियो ।

उनको पार्थिव शरीरलाई सोमबार दिउँसो ३ बजे काठमाडौं ल्याइने नेपाल चलचित्र कलाकार संघका अध्यक्ष रामकेशर बोगटीले जानकारी गराए । संघको यसअघि दुई पटकसम्म कार्यसमिति सदस्य रहेका सिंहको सोमबार दिउँसो एक घण्टा नेपाल प्रज्ञा प्रतिष्ठान डबलीमा श्रद्धाञ्जलीका लागि राखिने र त्यसपछि पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने अध्यक्ष बोगटीले जानकारी गराए ।

१४ असार २०१५ सालमा काठमाडौंको बौद्धमा जन्मिएका कलाकार सिंहका दुई छोरी, श्रीमती र एक छोरा छन् । चलचित्र २५ वसन्तबाट चलचित्र अभिनय सुरु गरेका सिंहद्वारा अभिनीत अन्तिम चलचित्र पद्मिनी थियो ।

कलाकार प्रदीप सिंहले चिनो, देउता, दुई थोपा आँसु, आफ्नो मान्छेलगायत सयभन्दा बढी चलचित्रमा अभिनय गरेका थिए । उनले तुलसी घिमिरेसँग मिलेर केही चलचित्रसमेत निर्माण गरेका थिए । उनी रंगमञ्चका पनि लोकप्रिय कलाकारका रूपमा परिचित थिए । सिंहले दर्जनौं नाटकमा समेत अभिनय गरेका थिए ।

## चलचित्र संघमा नयाँ अनुहार

नेपाल चलचित्र संघले उदयको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । प्रथम उपाध्यक्षमा वीरेन्द्रनारायण श्रेष्ठ, द्वितीयमा मधुसुदन प्रधान, तृतीयमा नरेन्द्र महर्जन, महासचिवमा अर्जुन श्रेष्ठ, उपमहासचिवमा मिजास पोखरेल, कोषाध्यक्षमा गोपालकाजी कायस्थ चयन भएका छन् । यस्तै उपत्यका सभापतिमा मदनमान बज्राचार्य, पश्चिमाञ्चलमा कपिलकुमार, न्यायिक समितिमा नारायणप्रसाद आचार्य, प्रदर्शनमा विरत्न मानन्धर, वितरणमा विक्रम पराजुली र पूर्वाञ्चलमा चैतन्य बरालालाई चयन गरिएको छ ।

## "जोनी जेन्टलम्यान" गीत सार्वजनिक

जेठ १९ गतेबाट रिलिज हुन लागेको चलचित्र 'जोनी जेन्टलम्यान'को एक गीतको भिडियो सार्वजनिक भएको छ । नितिन चन्द्रद्वारा निर्देशित यो चलचित्रमा पल शाह, आँचल शर्मा लगायतका कलाकारको मुख्य भूमिका छ । 'क्याट वाक' बोलको गीतमा पल शाहलाई कोरियोग्राफरले ह्यान्डसम देखाएका छन् । साथमा, निलम चन्दले यो गीतमा पलसँगै अभिनय गरेकी छिन् । स्वचित शाक्यको स्वर रहेको यो गीतले युवापुस्तालाई आकर्षण गर्न सक्छ । यो गीतको भिडियोमा चलचित्रका केही दृश्यहरु समेत समावेश गरिएको छ । नायक पल शाहले चलचित्रमा लोभलाग्दो एक्सन अवतार प्रस्तुत गरेको गीतको भिडियो हेर्दा अड्कल लगाउन सकिन्छ ।

## "पर्व" जेठबाट प्रदर्शनमा

बहुप्रतिक्षित चलचित्र 'पर्व'को सस्पेन्स थ्रीलर ट्रेलर रिलिज भएको छ । गोपिकृष्ण टीभीको निर्माणमा सुवास इन्टरटेन्मेन्टको प्रस्तुति रहेको यो चलचित्र 'जेठ १२' गतेबाट रिलिज हुँदैछ । यो चलचित्रमा नम्रता श्रेष्ठ, कोसिस क्षेत्री, माला लिम्बु, जेविका कार्की लगायतका कलाकारको मुख्य भूमिका छ ।

निकिता पौडेल र सुवास गिरीले निर्माण गरेको यो चलचित्रलाई दिनेश राउतले निर्देशन गरेका हुन् । निर्माता सुवास गिरीले चलचित्र उत्कृष्ट बनेको र नेपाली चलचित्रका लागि फरक स्वाद हुने बताएका छन् । नायिका नम्रता श्रेष्ठले चलचित्रमा आफूहरुले मिहिनेत गरेको भन्दै राम्रो कथामा चलचित्र बनेको बताइन् । नायक, कोसिस क्षेत्रीले चलचित्रमा बिरामी प्रेमिकालाई माया गर्ने एक युवक र लेखकको भूमिकामा रहेको सुनाए । यो चलचित्रमा समावेश 'काले दाई काले दाइ' बोलको गीतको भिडियो अहिले सर्वाधिक चर्चित छ ।

## बिहे गरेर गरिमा नेपालमा



नायिका गरिमा पन्त यतिबेला नेपालमा छिन् । सुटुक्क बेल्जियम पुगेर उनले प्रेमी हरि शर्मासँग बिहे गरेकी थिइन् । हरि, बेल्जियममा बसेर व्यवसाय गर्दै आएका छन् । बिहे गरेपछि गरिमा नेपाली मिडिया र चलचित्रकर्मीबाट टाढा भएकी थिइन् । चलचित्र 'झोला'बाट प्रशंसित भएकी यी नायिकालाई दर्शकले 'तीन घुम्ती' नामक चलचित्रमा भने पत्याएनन् । नेपाली चलचित्रका दर्शक र मिडियामा शान्त नायिकाको छवि बनाएकी गरिमाले एक्कासी प्रेम विवाह गर्दा केहि चकित भएका थिए । नेपाली चलचित्रको कथा भन्ने शैली र पुस्ता परिवर्तन भएसँगै गरिमाले बिहे गरेर नयाँ बाटो रोजेकी हुन् ।

(अनलाइनहरुबाट)

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Indolent = अल्छी Since heavy lunch makes me indolent, I prefer light meal during day time (दिउँसोको टन्न खानाले मलाई अल्छी बनाउँछ, त्यसैले म दिउँसोको बेला हलुंगो खाना मनपराउँछु)

Loutish = अशिलल पाराको She does not like his loutish behaviour (उनी उसको अशिलल व्यवहार मनपराउँदिनन्)

Muse = गहिरिएर सोच्नु While musing about the past, he ignores everything around him (जबजब ऊ बितेका दिनतर्फ गहिरिएर सोच्न थाल्छ, आफ्नो वरिपरिको कुराहरूको पनि उसलाई वास्ता हुँदैन )

Niggardly = नाम मात्रको Thousand rupees a month of a niggardly pittance to the elders has no meaning (जेष्ठ नागरिक भनी दिइएको महिनाको १००० रुपैयाको नाममात्रको भत्ताको कुनै महत्व छैन)

Overbearing = आफ्नो इच्छा अरुमाथि लाद्ने बानी, लिंडे ढिपी गर्ने बानी As he did not like the overbearing manner of his girlfriend, he broke the friendship (आफ्नो केटी साथीको लिंडे ढिपी गर्ने बानीले गर्दा उसले उनीसँगको मित्रतालाई त्यागयो)

Presumptuous = आफूले गरेको निर्णय अरूको लागि मान्य हुनुपर्दछ भन्ने भावना, कसैलाई केही कुराको लागि बाध्य पार्नु Would it be presumptuous of me to ask you to donate ? (मैले तपाईसँग चन्दा माग्दा कतै तपाईलाई मैले बाध्य पारेँ भन्ने ठान्नु हुन्छ कि ?)

Quail= डराएको अनुभव गर्नु She quailed to address a big crowd for the first time in his life ( पहिलो पटक एक ठूलो जमातको अगाडि बोल्नु पर्दा तिनले डराएको महसुस गरिन्)

Ruminate = लगातार चपाइरहनु, उग्राउनु Goats and cows graze fast and ruminate at leisure (बाखा र गाईहरू छिटोछिटो चर्छन् र फुर्सदमा उग्राउँछन्)

Strut = घमण्डले फुलेर हिंड्नु, वास्ता नगर्नु She passed us struted by ignoring our greeting (हाम्रो अभिवादनलाई वास्ता नै नगरी उनी हाम्रै अगाडि लागिन्)

Tumid = क्लिष्ट His presentation is loved by all because he prefers writing less tumid poems (उसका कविताहरू कम क्लिष्ट भएको हुँदा सबैले उसका प्रस्तुतिलाई मन पराउँछन्)

## सामान्य ज्ञान प्रश्नोतरहरु

पायरिया अमिबाको कुन जातिबाट हुन्छ ? ● एन्ट अमिबा जिसी बालिस

वायुमण्डलको आपेक्षित आद्रता नाप्ने यन्त्रलाई के भनिन्छ ? ● हाइग्रोमिटर

कुन विधिबाट समुद्रको गहिराई नापिन्छ ? ● इको सायडिङ विधिबाट

मनिसको गर्भावस्थामा रगतको निर्माण कुन ठाउँबाट हुन्छ ? ● यकृत

मानिसको शरीरमा कतिवटा मांसपेशीहरू हुन्छन् ? ● ६३९ वटा

मानिसको सबभन्दा लामो मांसपेशी कुन हो ? ● ग्लुटियस मैकसीमस

मनुष्यबाट सुन्ने लायक ध्वनिको तीव्रता कति डेसिबल हुन्छ ? ●१२० डेसिबल

बिना ब्याट्रिबाट बज्ने रेडियो कुन देशले बनाउनमा सफल भएको छ ? ● भारत

पेट्रोलबाट चल्ने गाडीहरू चन्द्रमामा चल्न सक्दैन किन ? ● चन्द्रमामा वायुमण्डल नभएकाले

१०० वर्षमा बनेको रेलवे स्नेसन कुन हो ? ● बिक्टोरिया टर्मिनल रेल्वे स्टेसन बम्बई

स्वतन्त्रताको मूर्तिको डिजाइनर को हुन् ? ● फ्रेडरिक आगस्ते

बैडलो द्विपको वर्तमान नाम के हो ? ● लिबर्टी आइल्यान्ड

चार स्वर्ण पदक सर्वप्रथम जित्ने खेलाडी को हुन् ? ● एल्बिन क्रेनजाइन (अमेरिका सन् १९००)

सबैभन्दा छिटो हिँड्ने सर्प कुन हो ? ● मम्बा स्नेक

एकै पटक ओलम्पिक पौडी खेलमा स्वर्ण पदक जित्ने पतिपत्नी को हुन् ? ● डेस्जो र इवा ग्यारमेसी, सन् १९५२ हँगेरी)

एक ओभरमा ६ छक्का लगाउने भारतीय खेलाडी को हुन् ? ●रवि शास्त्री

विश्वको कुन ठाउँमा धेरै जाडो हुन्छ ? ● पोलस नेदोस्तप्तोस्ती

ग्रेट ब्रिटेनको पहिला प्रधानमन्त्री को थिए ? ● सर रावर्ट वाल पोल

पहिलो एक दिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमैच कहिले र कुन कुन देशबीच भएको थियो ? ● ५ जनवरी १९६९, अष्ट्रेलिया र इंग्ल्याण्ड

'जीवन एउटा फूल हो र प्रेम त्यसको मह' यो भनाइ कसको हो ? ● भिक्टर ह्युगो

१९८८ को साहित्यमा नोबेल पुरस्कार पाउने व्यक्ति को हुन् ? ● नगीव महफुज (मिश्र)

१९८८ को चिकित्सामा नोबेल पुरस्कार पाउने व्यक्ति को हो हुन् ? ● सर जेम्स ब्लैक, ब्रिटेन

## फरक थाहपाई राख्नुहोस

Adopted = धर्मपुत्र वा पुत्री He is adopted by my uncle (ऊ मेरो काकाको धर्मपुत्र हो)

Adoptive = धर्मपिता वा माता His adoptive parents love him a lot (उसका धर्मपिता र माताले उसलाई खुबै माया गर्दछन्)

Avert = जोगिनु वा जोगाउनु He braked very hard the car to avert an accident (दुर्घटनाबाट जोगिन/जोगाउन उसले कडा ब्रेक लगायो)

Advert = ध्यान अर्कै कुरातर्फ केन्द्रित गर्नु If you advert from one topic to another you will never complete your dissertation (यदि तिमी एक शीर्षकबाट अर्को शीर्षकमा नै आफ्नो ध्यान मोडिराख्छौ भने तिमीले शोधकार्य कहिले सक्ने छैनौ)

Affective= नकारात्मक प्रभाव पार्ने खालको The tax reform was so affective that almost all business man opposed it . (कर सुधार यस्तो नकारात्मक प्रभाव पार्ने खालको थियो कि झन्डै सबैजसो व्यवसायीहरूले यसको विरोध गरे)

Effective = सकारात्मक प्रभाव पार्ने खालको, प्रभावपूर्ण The tax reform was so effective that the government could easily implement it (कर सुधार यस्तो प्रभावपूर्ण थियो कि सरकारले यसलाई सजिलै कार्यान्वयन गर्न सक्यो)

Agnostic = ईश्वरको अस्तित्वबारे थाहा नभएको An agnostic says "I do not know whether there is a god "

Atheist = नास्तिक । ईश्वर छैन भन्ने कुरामा विश्वास गर्ने An atheist says " There is no god

A la = जस्तै She dresses a la hollywood star (तिनी हलिउडको कलाकारले लगाए जस्तै लुगा लगाउँछिन्)

Alien = जुन देशमा बसेको छ, त्यस देशको नागरिकता नपाएको व्यक्ति She was alien for ten years and then became a naturalised citizen (दश वर्षसम्म बिनानागरिकता नै बसेपछि मात्र तिनले अंगिकृत नागरिकता पाइन्)

Allenist = चिकित्सा विज्ञानमा प्रशिक्षित व्यक्ति (विशेषज्ञ) जसले मानसिक रुपबाट स्वस्थ वा अस्वस्थ भएको प्रमाणित गर्दछ The allenist proved Mr . Smith's mental condition to be very sound (विशेषज्ञले श्री स्मिथ मानसिक रुपबाट स्वस्थ भएको प्रमाणित गरे)

Alienated = बिछोडिनु, सम्बन्ध टुट्नु His constant madness alienated most of his friends (उसको निरन्तर पागलपनले गर्दा उसका धेरै साथीहरू उसबाट टाढिए)

## सुडोकु-अंक ५०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | ६ | ७ | | | ३ |
| | | | | १ | | | | |
| | ९ | ८ | २ | | ४ | | | |
| | | | ७ | | | | | |
| | | | ४ | | | | ८ | ५ |
| ५ | | | | | ३ | | ६ | |
| | ५ | | | | | ४ | ७ | |
| | | | | | | | ३ | |
| | ४ | २ | ८ | | | १ | ५ | |

## अंक ४९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ५ | ९ | ६ | ७ | ८ | ४ | ३ |
| ४ | ३ | ७ | ५ | १ | ८ | ६ | २ | ९ |
| ६ | ९ | ८ | २ | ३ | ४ | ५ | १ | ७ |
| ८ | ६ | ४ | ७ | ५ | २ | ३ | ९ | १ |
| २ | १ | ३ | ४ | ९ | ६ | ७ | ८ | ५ |
| ५ | ७ | ९ | १ | ८ | ३ | २ | ६ | ४ |
| ९ | ५ | ६ | ३ | २ | १ | ४ | ७ | ८ |
| ७ | ८ | १ | ६ | ४ | ५ | ९ | ३ | २ |
| ३ | ४ | २ | ८ | ७ | ९ | १ | ५ | ६ |

# बाल विकासका विविध गतिविधिहरु


अभिमुखीकरणका सहभागीहरु


तालिमपश्चात सामूहिक तस्विरमा


हात धुने विधि सिक्दै सहभागीहरु


दिवा खाजा खाँदै बालबालिकाहरु


बालबालिकासँग छलफल गर्दै संस्थाका कर्मचारी


तालिमको सहजीकरण गर्दै संस्थाका कर्मचारी


सामूहिक कार्य गर्दै सहभागीहरु


परामर्श कार्यक्रमका सहभागीहरु


कार्यक्रममा बालबालिका तथा अभिभावक

**बालबालिकाहरुसाग परामर्श तथा बालक्लव गठन सम्पन्न**

बाल विकास समाज र सेभ द चिल्ड्रनको संयुक्त प्रयासमा सञ्चालित शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुका लागि परियोजना अन्तर्गत संस्थाले ललितपुर महानगरपालिका वडा नं. २ मा रहेको ईन्द्रायणी उद्यानमा बालमैत्री खेल सामग्री राखिदिने योजनाको निर्कौल गरेको छ । सानेपा स्वास्थ्य संस्थामार्फत निर्मित उक्त उद्यानमा बालबालिका तथा समुदायको माग अनुसार वडा कार्यालयसँग समन्वय गरी उक्त कार्य गर्न संस्थाले तदारुक्ता देखाएको हो । सस्याले सानेपा स्वास्थ्य संस्था तथा ललितपुर वडा कार्यालय २ सँग सोही कार्यको लागि अनुमति समेत लिइसकेको छ ।

बाल विकास समाजले ईन्द्रायणी उद्यान सानेपामा बालबालिका तथा अभिभावकहरुसँग परामर्श गरेको छ । सोही परामर्शमा बालबालिका तथा अभिभावकहरुको बाक्लो सहभागिता रहेको थियो । उक्त परामर्श कार्यक्रममा बाल विकास समाजका कार्यक्रम व्यवस्थापक सोनीया रिजालले बालक्लव तथा बालअधिकारका बारेमा बताउनु भएको थियो । त्यसैगरी बाल विकास समाजले बालबालिकाहरुका लागि सोही उद्यानमा बालमैत्री खेल सामग्री राखिदिने भएको हुँदा त्यसको संरक्षण बालबालिका तथा समुदायले गर्नु पर्ने कुरा समेत उहाँले बताउनु भएको थियो ।

त्यसैक्रममा उक्त परामर्श कार्यक्रमपश्चात ९ सदस्यीय ईन्द्रायणी बालक्लव गठन गरिएको थियो । उक्त बालक्लव शिवम् चोरसियाको अध्यक्षतामा गठन भएको हो । भोलीका दिनमा बालक्लवले सोही उद्यानमा राखिएको बालमैत्री सामग्रीहरुको पूर्ण रुपमा संरक्षण हुन सकेन भने संस्थाको लगानी खेर जाने तथा बालबालिकाहरुले पनि प्रयोग गर्न नपनउने हुनाले सोही कार्यका लागि पनि बालक्लव आवश्यक रहेको कुरा कार्यक्रम व्यवस्थापक रिजालले बताउनु भएको थियो । कार्यक्रममा बालबालिकाहरुले सक्रियतापूर्वक भाग लिएका थिए । पहिला पनि त्यस उद्यानमा बालबालिकाहरुका लागि सामग्री भएको तर त्यसको संरक्षण नभएकोले सबै हराएको कुरा पनि बालबालिकाहरुले बताएका थिए । छलफलमा सहभागी भएका अभिभावकहरुले संस्थाले बालक्लव गठन गरी बाल सहभागिताको अधिकार प्रवर्द्धनमा थप टेवा पुऱ्याउने कार्य गरेको हुनाले खुशी लागेको कुरा बताएका थिए । त्यसैगरी उनीहरुले हाम्रा छोराछोरीहरुलाई बालक्लवमा राखेर उनीहरुको आवाज एकिकृत गर्न महत्वपूर्ण कदम चालेको कुराप्रति खुशी व्यक्त गर्नै बाल विकास समाजलाई धन्यवाद दिएका थिए । उनीहरुले यस उद्यानको संरक्षणमा सहयोग गर्ने कुरा समेत बताएका थिए । उक्त कार्यक्रमको व्यवस्थापन संस्थाका फिल्ड इन्चार्ज गोविन्द वि क ले गर्नु भएको थियो ।

**वडा कार्यालयसँग छलफल सम्पन्न**

बाल विकास समाज र सेभ द चिल्ड्रेनको संयुक्त प्रयासमा सञ्चालित शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुको लागि परियोजना अन्तर्गत स्वास्थ्य सम्बन्धी अभिमुखीकरण सञ्चालनका लागि काठमाडौं महानगरपालिका वडा नं. १४ मा एक छलफल कार्यक्रम सम्पन्न गरियो । उक्त छलफल कार्यक्रम वडा कार्यालयमा नै सम्पन्न गरिएको थियो । सोही छलफलमा नगरपालिकाका स्वास्थ्य स्वयमसेविका, जागरण टोलका महिला समुह तथा वडा कार्यालयका प्रमुख तथा सेभ द चिल्ड्रेनबाट सानुलाल महर्जनको सहभागिता रहेको थियो । सोही छलफलमा बाल विकास समाजका कार्यक्रम व्यवस्थापक सोनीया रिजालले सञ्चालन हुन गइरहेको क्रियाकलापका सम्बन्धमा प्रष्ट पार्नु भएको थियो ।

त्यसैगरी छलफलमा वडा प्रमुखले स्वास्थ्य सम्बन्धी अभिमुखीकरण गर्दा स्वयमसेविकाहरुसँग समन्वय गरी गर्नका लागि सुझाव दिनु भएको थियो । त्यसैगरी उहाँले बाल विकास समाजमार्फत सञ्चालन हुने कार्यक्रम स्वागत योग्य रहेको र जागरण टोलमा रहेका बालबालिका तथा महिलाहरुलाई यो क्रियाकलापले एकदम चेतनशिल बनाउने कुरा उल्लृख गर्दै यस कार्यका लागि आवश्यक प्राविधिक सहयोग वडा कार्यालयका तर्फबाट गर्न तयार रहेको कुरा समेत बताउनु भएको थियो । त्यसैगरी सानुलाल मर्हजनले संस्थाले त्यस जागरण टोलमा स्वास्थ्य सम्बन्धी आवश्यक देखेर नै यो क्रियाकलाप सञ्चालन गर्न लागेको हुनाले वडा कार्यालयले देखाएको सदासयता प्रति हार्दिक धन्यवाद दिनु भएको थियो । यस कार्यमा एकजुट भएर लागियो भने त्यस टोलका बालबालिका तथा महिलाहरुको स्वास्थ्यमा सुधार ल्याउन सकिने कुराको विश्वास पनि उहाँले व्यक्त गर्नु भएको थियो । यसरी चलेको छलफलबाट आगामी जेठको पहिलो हप्तामा स्वास्थ्य स्वयमसेविकाहरुलाई ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने निर्णय भएको थियो ।

**किशोरकिशोरीहरुलाई क्षमता अभिवृद्धि तालिम**

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरुले रोटेसनका आधारमा निशुल्क रुपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरुले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरुको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी बालकुमारी निम्न माद्यामिक विद्यालयका २५ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि १२ हप्ते क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको थियो ।

यसैगरी जुकाले मानिसमा पार्ने असरका विषयमा संस्थाका कर्मचारी सञ्जय आचार्यले तालिमको सहजिकरण गर्नु भएको थियो । तालिममा तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । तालिममा जुका के हो र जुकाबाट कसरी जोगिने तथा जुकाले मानिसमा पुऱ्याउने असरका विषयमा तालिम दिइएको थियो । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरुद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरुका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरुले बताएका थिए ।

सेवाको भावनाले अभिप्रेरित भएर काम गर्ने हो भने कसैको सहयोग विना नै प्रभावकारी काम गर्न सकिने कुराको ज्वालन्त उदाहरण बाल विकास समाजका कर्मचारीहरुले दिएका छन् । कर्मचारीले नै तयार गरेको यो उपायबाट एक वर्षमा कम्तीमा ३ वटा सामुदायिक विद्यालयका बालबालिकाहरुले यो सेवा लिने योजना रहेको छ । दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । किशोरावस्थाका विद्यार्थीहरुले विशेष गरी सानै उमेरमा विवाह गर्ने र पढाइ छोड्ने विभिन्न साथीको संगतमा लागेर कुलतमा फस्ने आदि समस्याहरु झेलिरहेको अवस्थामा यो तालिमले उनीहरुलाई चेनतशिल बनाइ समस्याको निराकरणका उपायहरु सिकाउदै त्यस उमेर समूहका बालबालिकाहरुले समस्याबाट मुक्ति पाउने अपेक्षा समेत गरिएको छ ।

**बालबालिकाहरुलाई दिवा खाजा**

संस्थाले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ ।

बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई"बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ ।

विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद्ध कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसै क्रममा संस्थाका कर्मचारी गोविन्द वि क ले पुत्र लाभ भएको खुशीयालीमा बाल विकास समाजको भवनमा संचालन भईरहेको दिवा शिशु स्याहार केन्द्रका बालबालिकालाई दिवा खाजाको आयोजना गर्नु भएको थियो । यसैगरी उहाँले संस्थाको त्रैमासिक बैठकको स्पोन्सरसमेत गर्नु भएको थियो । सोही क्रममा संस्थाको कोषाध्यक्ष तथा महासचिवले बालबालिकाहरुलाई खाजा तथा वैठकको स्पोन्सर गरेकोमा धन्यवाद दिनु भएको थियो ।

**काभ्रेस्थित अभिमुखीकरण**

जिल्लाको धुलिखेलमा रहेको धुलिखेल तालिम केन्द्रमा स्थानीय निर्वाचन २०७४ लाई बाल अधिकारको दृष्टिकोणले प्रभावकारी एवंम बालमैत्री पुर्ण बनाउने सन्र्दभमा आयोजित छलफल तथा अर्न्तक्रिया कार्यक्रममा प्रमुख जिल्ला अधिकारी ,स्थानीय विकास अधिकारी र विभिन्न कार्यालयका प्रमुख , संघसंस्थाका प्रतिनिधी, महिला तथा बालबालिका कार्यालय ,जिल्ला बालकल्याण समिती, जिल्ला बाल क्लब सन्जालका प्रतिनिधी ,केन्द्रिय बाल कल्याण समितीका प्रतिनिधी र काभ्रेमा भएका सम्पुर्ण राजनैतिक दलका प्रतिनिधीहरुको सहभागितामा सम्पन्न भयो । कार्यक्रममा शुरुमा जिल्ला बाल कल्याण समितीका सुचना व्यवस्थापक सरोज नेपालले सहजीकरण गर्नुभएको थियो शुरुमा केन्द्रिय बालकल्याण समितीका प्रतिनिधी रवि गौत्तमले कार्यक्रमको बारेमा छोटकरीमा जानकारी गराउनुभयो । ।कार्यक्रममा जिल्ला बाल क्लब सन्जालका अध्यक्ष रन्जन पौडेलले ज्ञापन पत्र पढेर सुनाउनु भयो । पढिसकेपछि ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारीलाई बुझाइयो ।त्यसपछि प्रमुख जिल्ला अधिकारीबाट प्रतिवद्धता फलेक्समा हस्ताक्षर गरी अन्य राजनैतिक दलका प्रतिनिधीहरुले पनि पालैपालो हस्ताक्षर गरियो । हस्ताक्षर कार्यक्रम पछि प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारीले अन्य ठाउँमा बैठक भएकाले उहाहरु जानु भयो ।

कार्यक्रमको दोस्रो पाटोमा निर्वाचनमा बाल अधिकार अनुगमन समिती गठन तर्फ लागियो । यो कार्यक्रमको सहजीकरण रवि गौत्तमले सहजीकरण गर्नु भएको थियो । धेरै बेरको छलफलपछि अनुगमन समिती तपशिल बमोजिम रहेको छ ।

**प्रस्तुति : गोविन्द वि.क.**

# यस्तो भयो काठमाडौं अधिवेशन

गोविन्द विक






काठमाडौं । नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको १० औं अधिवेशन सफलतापूर्वक सम्पन्न भएको छ । मन्त्रिपरिषद्का पूर्वअध्यक्ष तथा पूर्वप्रधान न्यायाधीश खिलराज रेग्मीले प्रज्ञा भवनमा वैशाख ८ गते उद्घाटन गर्नुभएको अधिवेशन ३ दिनसम्म लम्बिएको थियो । उद्घाटन समारोहमा अग्रज पत्रकार तथा पत्रकारितासम्बन्धी सरोकारवाला विभिन्न संघसंस्थाको नेतृत्व गर्ने पत्रकारहरुले अतिथिको आसनबाट शुभकामना मन्तव्य प्रस्तुत गर्नुभएको थियो । यसरी मन्तव्य व्यक्त गर्नेहरुमा डा. महेन्द्र बिष्ट, किशोर श्रेष्ठ, पोषण केसी, गणेश बस्नेत, ओम शर्मा, बद्री सिग्देल, महेश्वर दाहाल, गोविन्दप्रसाद चौंलागाईं लगायत रहनुभएको थियो ।

कार्यक्रममा पत्रकारितालाई मूल पेसा बनाई लामो समयसम्म विशिष्ट योगदान पुर्‍याउँदै आउनुभएका पत्रकारहरुलाई रु.१५ हजार नगद पुरस्कारसहित सम्मानपत्र प्रदान गरिएको थियो । पत्रकारिता पेसामा सक्रिय रहेकै अवस्थामा दिवंगत हुनुभएका पत्रकारहरु तारा न्यौपाने, अग्नि शिखा, डम्बरकुमार गिरी, वासुदेव दाहाल, शोभा शाह, जशोदा प्रधान, विशाल खत्रीका नाममा पुरस्कार स्थापना गरेर काठमाडौं शाखाले प्रशंसनीय काम गरेको छ । नगद पुरस्कारसहित सम्मानित हुनेहरुमा गगन बिष्ट, तेजेन्द्रकुमार प्रसाईं, पवन थापा कुन्तल, उषा लोहनी, करुण अर्याल, विष्णु प्रसाईं, धनबहादुर मगर हुनुहुन्थ्यो । त्यसैगरी लामो समयसम्म पत्रकारितामा योगदान गरेका बिरामी पत्रकारहरुलाई पनि उपचार खर्चबापत नगद रु. सात हजार प्रदान गर्दै सम्मानित गरिएको थियो । उपचार खर्च प्राप्त गर्ने पत्रकारहरुमा गोविन्दसिंह थापा, लक्ष्मीप्रसाद प्रसाईं, चक्रपाणि नेपाल, विजय विस्फोट, रामचन्द्र हुमागाईं, मुरारी गौतमलगायत हुनुहुन्थ्यो । कार्यक्रममा मृगौला रोगबाट लामो समयसम्म ओछ्यान पर्नुभएका पत्रकार तथा साहित्यकार बिके पाल्पालीको महाकाव्य पनि विमोचन गरिएको थियो ।

पत्रकारहरुबीच गम्भीर छलफल, तीतामीठा संवादबीच सम्पन्न भएको उद्घाटन र बन्दशत्रपछि १० गते आइतबार बानेश्वर पार्टी प्यालेस थापागाउँमा नयाँ नेतृत्वका लागि मतदान कार्यक्रम सम्पन्न भएको थियो । शन्तराम विडारी र रामकृष्ण अधिकारीको प्यानलबीच भएको अत्यन्तै रोचक र तीव्र प्रतिस्पर्धामा शन्तराम विडारी नेतृत्वको टीम विजयी बनेको छ । ग्रेटर नेपाल नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई दिँदै सफलताको शुभकामना व्यक्त गर्दछ ।

## अपहरण गरी भारतीयद्वारा नेपाली युवती बलात्कार

काठमाडौं । भारतको हरियाणा प्रान्तको जिन्द जिल्लामा हालै एक नेपाली युवतीलाई भारतीयहरुले अपहरण गरी सामूहिक बलात्कार गरेका छन् ।

प्रहरीले पीडितको मेडिकल टेस्ट गराउँदा बलात्कार भएको पुष्टि भएको आजतकले उल्लेख गरेको छ। हरियाणा प्रहरीले अभियुक्तहरुलाई पक्राउ गरेर कारबाही अघि बढाएको छ । युवती पतिका साथ हरियाणाको जिन्द जिल्ला बसोबास गर्थिन् । नेपालस्थित घर फर्कने क्रममा मोटरसाइकलमा लिफ्ट दिई युवतीलाई खेतको बीचमा पुर्‍याएर तीनै जनाले बलात्कार गरेका थिए । यसअघि पनि नयाँ दिल्लीमा दुई नेपाली युवतीमाथि सामूहिक बलात्कारको घटना सार्वजनिक भएको थियो ।

# ४ स्रष्टालाई सम्मान गरिने

काठमाडौं । नेपाली संगीत तथा नाट्य क्षेत्रका चार स्रष्टालाई 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७३' बाट सम्मानित गरिने भएको छ । प्रतिष्ठानको वार्षिकोत्सवमा असारमा उक्त सम्मान गरिने नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले जनाएको छ । सातौं वार्षिकोत्सवको अवसर नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले संगितकार नारायण भक्त श्रेष्ठ (रायन), गायीका चन्द्रकला शाह, नाट्यकर्मी अशेष मल्ल र नृत्य निर्देशक राधेश्याम प्रधानलाई सम्मान गर्ने निर्णय गरेको हो ।

प्रतिष्ठानको वार्षिक उत्सवको अवसर पारेर आगामी असारमा राष्ट्रपति विद्यादेवी भण्डारीको हातबाट सो पुरस्कार प्रदान गरिने नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले जनाएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त) को अध्यक्षतामा बसेको परिषद्को बैठकले विभिन्न चार विधाबाट पुरस्कारका लागि नाम छनोट गरेको हो । संगीततर्फको 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार गायक तथा संगीतकार नारायणभक्त श्रेष्ठ (रायन) लाई प्रदान गरिने भएको हो । २०२३ सालमा सांगीतिक समूह राल्फा स्थापना गरेर विगत पाँच दशकदेखि निरन्तर नेपाली संगीतको विकास र विस्तारमा लागेका रायन नेपाली गीत संगीतको संरक्षक एवं प्रवर्द्धक मानिन्छन् ।

यस्तै, लोकगीत तथा संगीततर्फ गायिका चन्द्रकला शाहलाई प्रदान गरिने भएको हो । त्यसैगरी, नाट्य विधातर्फको पुरस्कार नाट्यकर्मी अशेष मल्ललाई दिन लागिएको हो । उनी विगत चार दशकदेखि नाटक क्षेत्रमा क्रियाशील छन् । यस्तै, नृत्यतर्फको पुरस्कार नृत्यकार एवं नृत्य निर्देशक राधेश्याम प्रधानलाई प्रदान गरिने भएको हो । चारैजनालाई जनही १ लाख रुपैयाँ र ताम्रपत्रबाट सम्मान गर्न लागिएको हो ।

## इथियोपियाबाट...

दशकयताकै धेरै हुनेछ । आर्थिक वर्ष ०५०।५१ मा देशको आर्थिक वृद्धिदर ८.९ प्रतिशत थियो । त्यसपछि ओरालो लागेको आर्थिक वृद्धिदर फेरि उकालो लाग्न सकेको छैन । नेपाल संसारकै जलस्रोतमा धनी देशमध्येमा गनिन्छ । तर ऊर्जामा देश अझै आत्मनिर्भर हुन सकेको छैन । भारतबाट महँगो मूल्यमा बिजुली आयात गरेर लोडसेडिङ घटाउने मात्र गरिएको छ । इथोपियाले भने ऊर्जामा फड्को मारिरहेको छ । सन् २००८ मा नेपाल र इथोपियामा विद्युत् उत्पादन झन्डै ६०० मेगावाट जति मात्रै थियो । अहिले इथोपियाको विद्युत उत्पादन २३ सय मेगावाट पुगिसकेको छ । नेपालको भने ८ सय मेगावाट जतिमात्रै । इथोपियाले आफ्नै स्वदेशी लगानीमा अहिले ६ हजार मेगावाटको विद्युत आयोजना निर्माण गरिरहेको छ । नेपालमा निर्माणाधीन ठूला विद्युत आयोजना माथिल्लो तामाकोसी ४ सय ५६ मेगावाटको छ । नेपालमा सरकारी र निजी क्षेत्रबाट हाल एक हजार मेगावाट हाराहारीका आयोजना निर्माण भइरहेका छन् । सरकारी र निजीस्तरबाट सम्भाव्यता अध्ययन र विस्तृत अध्ययनको चरणमा रहेका विभिन्न आयोजनाको क्षमता ५ हजार मेगावाटभन्दा बढी छ ।

राजनीतिक स्थिरता र दृढ इच्छाशक्ति हुने हो भने नेपाल जलस्रोतको विकास गरेर धनी राष्ट्र बन्न सक्छ । इथोपियाले ४.६ विलियन अमेरिकी डलर लागतमा ६ हजार मेगावाटको आयोजना बनाइरहेको छ । त्यसलाई नाम दिइएको छ । 'ग्र्यान्ड इथोपियन रेनेसा ड्याम्' रेनेसा ड्याम अफ्रिकी महाद्विपकै सबभन्दा ठूलो विद्युत आयोजना हुनेछ । उक्त आयोजना बनाउन इथोपियालाई विश्व बैंक, अफ्रिकी विकास बैंकलगायत विदेशी दाता र मुलुकहरुको लगानी खोज्नेमै साढे चार दशक लाग्यो । त्यत्ति ठूलो लागतको आयोजना बनाउन इथोपियाले सक्दैन भनेर उसलाई कसैले पनि सहयोग गरेनन् । सबैतिरबाट निराशा मात्रै हात लागेपछि इथोपियाले उक्त आयोजना स्वदेशी लगानीमै बनाउन थालेको हो । यो आयोजना बनाउनका लागि इथोपियामा देशव्यापी समर्थन छ । त्यसमा सरकारका अतिरिक्त उद्योगपति, व्यापारी, सर्वसाधारण, सेना प्रहरी र कर्मचारी सबैले सक्दो लगानी गरेका छन् । इथोपियामा हरेक पटक टेलिफोन गर्दा लाग्ने शुल्कको निश्चित रकमसमेत उक्त आयोजनाको विकासमा जाने बताइएको छ । सन् २०१० मा निर्माण सुरु भएको यो आयोजनाको ४० प्रतिशत काम सकिइसकेको छ । आयोजना अन्तर्गतको ७ सय ५० मेगावाटको प्लान्टबाट विद्युत उत्पादन सुरु भइसकेको छ । सन् २०१७ अर्थात् यो वर्षभित्र आयोजना सम्पन्न गर्ने गरी पूर्ण क्षमतामा विद्युत उत्पादन सुरु गरिसक्ने योजना इथोपियाको छ । यो आयोजना सम्पन्न हुँदासम्म इथोपियाको विद्युत उत्पादन १० हजार मेगावाट पुग्नेछ । यसबाट विद्युत उत्पादन भइसकेपछि इथोपिया अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रमा उक्लनेछ ।

महाकाली सम्झौता भएको झन्डै दुई दशकपछि पञ्चेश्वर बहुउद्देश्यीय आयोजना अघि बढ्ने प्रक्रिया सुरु भएको छ। हिउँद र सुख्खा याममा ६ हजार ४ सय मेगावाट विद्युत उत्पादन गर्ने र नेपालको कञ्चनपुर र कैलाली तथा भारतको लाखौं हेक्टर भूभागमा सिंचाइ सुविधा पुग्ने उक्त आयोजनाको डिपीआर तयार पार्ने काम बल्ल अघि बढेको छ । आयोजना बनेपछि नेपालले कुल उत्पादनको आधा अर्थात् ३ हजार ४ सय मेगावाट विद्युत प्राप्त गर्नेछ। ९।९ सय मेगावाटका दुई परियोजना अपर कर्णाली र अरुण तेस्रोको प्रस्तावक भारतीय कम्पनी क्रमशः जीएमआर र सतलजसित आयोजना विकास सम्झौता भइसकेको छ । यी आयोजनाबाट साढे २ खर्ब रुपैयाँभन्दा बढी भारतीय लगानी भित्रिने बाटो खुल्नेछ । नेपालले अरुण तेस्रोबाट १ सय ९७ र माथिल्लो कर्णालीबाट १ सय ८ मेगावाट विद्युत निःशुल्क रुपमा पाउनेछ । उत्पादन सुरु भएको २५ वर्षपछि ती आयोजना चालु हालतमा नेपाललाई हस्तान्तरण हुनेछन् । ६ सय मेगावाटको माथिल्लो मर्स्याङ्दी र ६ सय ५० मेगावाटको तामाकोसी तेस्रो आयोजना पनि अघि बढ्दैछ । भारतसँग पिटिए भएका कारण नेपालमा उत्पादित बिजुली भारतमा बेच्न सकिने भएको छ । पिटिएका कारण भारत र बंगलादेशको बजारलाई लक्षित गरी नेपालका ठूला आयोजनामा विदेशी लगानीकर्ता आकर्षित हुने वातावरण बनेको छ । तर आन्तरिक कारणले लगानीको वातावरण अझै बनेको छैन । मुलुकमा लाइसेन्सदेखि स्थानीयको अवरोध, गुण्डागर्दी, चन्दा आतंक र कतिपय राजनीतिक दलको जलस्रोतमा विदेशी लगानीलाई हेर्ने दृष्टिकोणका कारण लगानी वातावरण बन्न नसकेको हो। राजनीतिक संक्रमण लम्बिनु, नीतिगत स्थिरता नहुनु, कानुनी शासन नहुनु जस्ता कारण पनि लगानीका लागि बाधक छन् ।

ऊर्जा विकासको अर्को समस्या सडक र प्रसारण लाइनको पनि रहेको छ। निजी क्षेत्रबाट बनेको २२ मेगावाटको सानीमा हाइड्रो सबभन्दा ठूलो आयोजना हो । ८२ मेगावाटको लोअर सोलु निर्माण भइरहेको छ । ऊर्जाको विकास गर्न चिलिमे मोडल अपनाउने हो भने लक्ष्यलाई छुन सकिन्छ । विद्युत प्राधिकरणले सहायक कम्पनी चिलिमे हाइड्रोपावर लिमिटेड बनाएर चिलिमे आयोजना बनाएको हो । त्यसमा प्राधिकरण उसका कर्मचारी र सर्वसाधारणको समेत सेयर छ । २२ मेगावाटको आयोजना भएको चिलिमे हाइड्रोपावरले एकैचोटि दुई सय मेगावाट क्षमताका तीन आयोजना बनाउँदैछ । ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी केही वर्षमै लगानी उठाएर फाइदामा जाँदैछ । २०४२ सालमा निर्माण भएको प्राधिकरणले यस अवधिमा ३ सय मेगावाटको हाराहारीमा मात्र आयोजना बनाएको छ । भारतमा निर्यात गर्ने गरी विद्युत उत्पादन गर्ने हो भने पेट्रोलियम पदार्थको आयात खर्च घट्नेछ ।

## दाँतोको...

वार्षिक आयब्ययको प्रतिवेदन तथा आगामी वर्षको कार्ययोजना अनुमोदन भएको थियो। उक्त अवशरमा सल्लाहकार रमेश कोइराला कटारका लागि नेपाली राजदुत हुनुभएकोमा वहालाई हार्दिक वधाई तथा कार्यकालकालागि शुभकामना प्रदान गरिएको थियो ।

## भारतीय...

मधेसी, कन्चनपुरका भारतीय ज्यादतीका विरुद्ध छातीमा गोली थाप्ने मधेसी र हरेक आन्तरिक मामिलामा भारतको भूमिका खोज्ने ठाकुर, महतो जस्ता मधेसीलाई एकै दृष्टिकोणले हेर्न मिल्दैन । सीमामा बसोबास गरेर राष्ट्रियताको रक्षा गर्ने मधेसी जनता र कहिले लालुदरबार, कहिले दिल्ली दरबार धाउने मधेसी नेताहरुबीच तुलना नै हुन सक्दैन । मधेसका मधेसी जनतालाई अल्पमतमा पार्न नागरिकताको विषय उठाइरहेका छन्, मधेसी नेताहरु ।

मैथली, भोजपुरी भाषालाई होइन, हिन्दी भाषालाई राष्ट्रभाषा बनाउन खोज्दैछन् मधेसी नेताहरु । स्थानीय सत्ताको अधिकार खोस्न खोज्दैछन् मधेसी नेताहरु । अंगीकृत नागरिकवालालाई विशिष्ट संवैधानिक पदमा पुर्‍याउने बाटो खोज्दैछन् मधेसी नेताहरु । नागरिकताबाट वञ्चित गरेका मधेसी जनतालाई नागरिकता दिलाउन होइन, भारतबाट बिहे गरेर ल्याएकी बुहारीलाई उपल्लो संवैधानिक पदमा पुर्‍याउन चाहिरहेका छन् मधेसी नेताहरु । मधेसी जनताको हक र अधिकारका नाममा आफ्नो चुनावी भविष्यको जोहो गर्न उद्यत छन् मधेसी नेताहरु । एकपछि अर्को माग राख्दै तराईलाई पहाडबाट अलग्याएर 'एक मधेस राज्य' को आधार तयार गर्न खोज्दैछन् यिनीहरु । पहाड र मधेस द्विराष्ट्रियताको विषय उछालेर देश नै विखण्डन गराउने दुःस्वप्न पालिरहेको छ राष्ट्रिय जनता पार्टी ।

मधेसी नेताहरुको 'रिमोट कन्ट्रोल' नयाँ दिल्लीको हातमा छ । मधेसी नेताहरु मधेसी जनताप्रति कत्ति पनि उत्तरदायी छैनन् । तराई विखण्डन गराउने भारतीय रणनीतिका मतियार बनिरहेका छन् मधेसी नेताहरु । संविधान कार्यान्वयन हुन नदिने र त्यसबाट उत्पन्न घोर संवैधानिक र राजनीतिक संकटमा भारतलाई खेल्न दिने राष्ट्रघाती चिन्तन बोकेका छन् ठाकुर, महतो यादव लगायतका मधेसी नेताहरुले । मोदीले प्रचण्डलाई फोन गर्नु अनि मधेसी नेताहरु लुसुक्क साँझमा लैनचौर छिर्नु संयोगमात्र हुन सक्दैन ।

## माले...

दुवै पार्टीले उठाएका राष्ट्रियतासम्बन्धी एजेन्डा र अन्य समसामयिक राष्ट्रिय मुद्दाहरुमा समानता रहेकाले एउटै झन्डामुनि गोलबद्ध भएर अघि बढ्ने निष्कर्षमा पुगी एकताको लागि आवश्यक प्राविधिक र व्यावहारिक पक्ष मिलाउने कामको थालनी भएको छ ।

## संशोधन...

समता पार्टी, दलित जनजाति पार्टी र बहुजन शक्ति पार्टी छन् । एमालेका मधेसी सांसदलाई आर्थिक प्रलोभनमा पारेर विधेयकको पक्षमा मतदान गराउन भारतीय दुतावास सक्रिय देखिएको छ । पार्टी ह्वीप विपरीत गएर एमालेका मधेसी सांसदहरुले पक्षमा मतदान नगर्ने विश्वास एमालेले लिएको छ। एमालेको सहयोगबिना संशोधन विधेयक पारित हुने सम्भावना कम छ । यद्यपि प्रधानमन्त्री प्रचण्ड एमालेले सहयोगबिना नै विधेयक पारित हुन्छ भनिरहेका छन् ।


## नेताको मुहार चिल्लो हुँदैमा देश र जनताको मुहार चिल्लो हुँदैन, देशको मुहार चिल्लो हुँदामात्र जनताको मुहार फेरिन्छ

- नेपाललाई संसारको दशमध्ये एक कंगाल र अति कम विकसित राष्ट्र बनाउने को हो ?
- नेपाललाई संसारको दशमध्ये एक भ्रष्ट राष्ट्र बनाउने को हो ?
- नेपाललाई भारतको एकल बजार बनाई संसारको सबैभन्दा ठूलो व्यापारघाटा भएको मुलुक बनाउने को हो ?
- देशका उद्योगहरुलाई कौडीको मूल्यमा बेची नेपाली युवायुवतीहरुलाई बेरोजगार बनाई विदेशमा फोहोरी, कठिन र खतरनाक काम गर्न जान बाध्य पार्ने को हो ?
- राजधानी काठमाडौंलगायत नेपालका सहरहरुलाई विश्वकै प्रदुषित र अनियोजित सहर बनाउने को हो ?
- हरेक नौ महिनामा बन्ने नयाँ मन्त्रिमण्डलको कारण बन्ने भूतपूर्वहरुको भीडको विलासिता र सुरक्षाका लागि राष्ट्रको ढुकुटी रित्याउने को हो ?
- भारतले टिस्टा–काँगडाको भूमिलाई उपनिवेश बनाउँदा, वर्तमान नेपालको सीमा मिच्दा, दशगजाको सीमा क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनविपरीत एकतर्फी रुपमा बाँध र सडक निर्माण गरी नेपाली भूमि जलमग्न बनाउँदा अनि भारतीय सुरक्षा बल दिनदहाडै नेपाल पसी निर्दोष नेपालीको हत्या गर्दासमेत कानमा तेल हालेर बस्ने को हो ?
- जनताका छोराछोरी भने जीवनजल खान नपाएर मर्ने तर नेताहरुलाई करौडौं खर्च गरी विदेशमा औषधोपचार गर्न पठाउने को हो ?
- शिक्षालाई राजनीतिकरण गरी ८० प्रतिशतभन्दा बढी जनताका छोराछोरी पढ्ने सामुदायिक विद्यालयहरुको अधोगति गर्ने को हो ?

**यी भनेका हालसम्मका नेपाललाई शासन गर्ने भ्रष्ट, राष्ट्रघाती र असक्षम राजनीतिक नेता र तिनीहरूका टहलुवा प्रशासकहरू नै हुन् । तसर्थ यिनीहरूलाई वडादेखि केन्द्रसम्मै बढारी राजनीतिलाई उत्कृष्ट समाजसेवाको रूपमा स्थापित गर्न देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाका उम्मेदवारहरूलाई स्थानीय निकायको वैशाख ३१ गते हुने निर्वाचनमा आमरूपमा विजयी गराऔं ।**

- हामी सामुदायिक विद्यालयलाई विकृत राजनीतिबाट मुक्त गरी, प्रवर्द्धन गर्दै गरिब जनताको छोराछोरीको लागि स्थानीयस्तरमा नै गुणस्तरीय तथा वालमैत्री शिक्षाको ग्यारेन्टी गर्छौं ।
- हामी स्वरोजगार शिक्षाको माध्यमबाट महिलाहरूमा भएको निरक्षरता, बेरोजगारी र गरिबीको अन्त्य गर्छौं ।
- हामी राज्य, बैंक र निजी क्षेत्रहरूलाई कृषि, वागवानी र पशुपालन जस्तो प्राथमिक क्षेत्रमा लगानी गर्न बाध्य पारी स्थानीय स्तरमा नै रोजगार सिर्जना गरी नेपाली युवायुवतीलाई विदेशिनबाट रोक्छौं र ग्रामीण तथा स्थानीयस्तरमा आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्छौं ।
- हामी जनतालाई स्थानीयस्तरमा आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी तथा फोहोर ब्यवस्थापनको ग्यारेन्टी गर्छौं ।
- अनाथ बालबालिका तथा असहाय वृद्धवृद्धाहरूको लागि स्थानीयस्तरमा आश्रम संचालन गरी लोककल्याणकारी समाजको सिर्जना गर्छौं ।
- हामी साना तथा लघुजलविद्युतको स्थानीयस्तरमा नै विकास गरी ग्रामीण क्षेत्रमा ब्यापक लघुऔद्योगिकरण तथा वातावरणमैत्री यातायातका सुविधाहरू प्रदान गर्छौं ।
- हामी स्थानीयस्तरदेखि नै हरियाली प्रवर्द्धन गरी पर्यावरणमैत्री र प्रदूषणमुक्त वातावरण बनाउनेछौं ।

हामी को हौं भन्ने जान्न चाहनुहुन्छ भने **www.youtube.com Surendra Dhakal Social Activist** भन्ने डकुमेन्टरी आफू पनि हेर्नुहोस् अनि अरुलाई पनि हेर्न प्रोत्साहन गर्नुहोस् ।



**सुरेन्द्र ढकाल**

विशेषज्ञताको डक्टरेट सरकारी संगठन र ब्यवस्थापन (इटली)

स्नातकोत्तर, प्रशासनिक विज्ञान (जर्मनी)

अध्यक्ष देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा

समाजसेवी, ग्रेटर नेपालका अभियन्ता, पर्यावरणवादी तथा साइकल यात्री